# वैदेशिक सहायता परिचालन नीति,

# २०८२

# विषयसूची


परिच्छेद १: परिचय ........ 1

१.१ पृष्ठभूमि ........ 1

१.२ समस्या तथा चुनौती ........ 2

१.३ नयाँ नीतिको आवश्यकता ........ 3

परिच्छेद २: नीति संरचना ........ 5

२.१ दूरदृष्टि ........ 5

२.२ ध्येय ........ 5

२.३ लक्ष्य ........ 5

२.४ उद्देश्य ........ 5

२.५ नीति ........ 5

२.६ रणनीति ........ 5

२.७ कार्यनीति (**Action Policy**) ........ 6

परिच्छेद ३ – नीति कार्यान्वयन ........ 17

३.१ संस्थागत व्यवस्था ........ 17

३.२ कानूनी व्यवस्था ........ 18

३.३ नीति समन्वय र सामञ्जस्यता ........ 18

३.४ जोखिम पहिचान र व्यवस्थापन ........ 22

३.५ अनुगमन तथा मूल्याङ्कन र नीति पुनरावलोकन ........ 22

३.६ विविध ........ 23

३.७ खारेजी र बचाउ ........ 24

अनुसूची १ : परिभाषा ........ 25

अनुसूची २ : नीति कार्यान्वयन कार्ययोजना ........ 27

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

उच्च तथा दिगो आर्थिक वृद्धि हासिल गर्दै **समृद्ध नेपाल सुखी नेपाली**को लक्ष्य प्राप्त गर्न र विकाससम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्नका लागि आवश्यक स्रोत व्यवस्थापन गर्न राष्ट्रको आन्तरिक स्रोत मात्र पर्याप्त नहुने भएकोले नेपालले वैदेशिक सहायताको उपयोग गर्दै आएको छ। नेपालको संविधानअनुसार वैदेशिक सहायता प्राप्त गर्दा राष्ट्रिय हित र प्राथमिकतालाई आधार बनाउँदै पारदर्शी रूपमा राष्ट्रिय बजेट प्रणालीमार्फत परिचालन गर्नु आवश्यक छ। वैदेशिक सहायताबाट उच्चतम लाभ प्राप्त गर्ने गरी यसको प्रभावकारिता वृद्धि गरी राष्ट्रिय पुँजी निर्माणमा टेवा पुऱ्याउन र सोमार्फत राष्ट्रिय अर्थतन्त्रको थप सुदृढीकरण गर्न आवश्यक छ।

सन् २००५ को पेरिस उच्चस्तरीय सम्मेलन र त्यसपछिका वैदेशिक सहायता प्रभावकारिताका लागि सम्पन्न विश्व साझेदारी लगायतका सबै उच्चस्तरीय बैठकमा नेपालले आफ्नो ऐक्यबद्धता जनाएको छ। साथै, नेपालले दिगो विकास लक्ष्य हासिल गर्न आवश्यक स्रोत जुटाउन अदिस-अबाबा कार्य एजेण्डाको निर्देशक ढाँचाभित्र वैदेशिक सहायता परिचालनमा जोड दिँदै आएको छ।

वैदेशिक सहायताको अन्तर्राष्ट्रिय प्रवृत्तिहरू समयसापेक्ष रूपमा बदलिँदै आएका छन्। पछिल्लो समयमा विश्वभरि वैदेशिक सहायता प्रणाली र यसको प्रभावकारिता अभिवृद्धिका लागि विभिन्न नयाँ नीतिगत दृष्टिकोण, प्रारूप र प्राथमिकताहरू अपनाइएको पाइन्छ। समग्र वैदेशिक सहायता दिगो विकास लक्ष्य (SDGs) हासिल गर्नमा केन्द्रित भएको देखिन्छ। सन् २०१५ मा संयुक्त राष्ट्रसङ्घद्वारा तय गरिएका १७ वटा दिगो विकास लक्ष्यहरू वैदेशिक सहायताका प्रमुख मार्गदर्शक तत्त्व बनिसकेका छन्। गरिबी निवारण, शिक्षा, स्वास्थ्य, वातावरणीय दिगोपन र लैङ्गिक समानताजस्ता क्षेत्रमा वैदेशिक सहायता केन्द्रित गर्ने प्रवृत्ति बढेको छ। यसमा स्थानीय स्वामित्व र साझेदारीको माग बढ्दै गएको छ। विकास कार्यमा निजी क्षेत्रलाई सहजीकरण र प्रोत्साहन गरी विकास वित्त परिचालन गर्ने विश्वव्यापी अभ्यास बढ्दो छ। परोपकारी संस्था तथा दातृ पक्षबाट उपलब्ध हुने सहायताको हिस्सा निजी क्षेत्रको प्रवर्धनमा परिचालन गर्ने क्रम बढ्दो छ। नियमनको जोखिम सरकारले र लगानीको जोखिम निजी क्षेत्रले लिने गरी सहलगानीका अभ्यास बढ्दै गएका छन्।

डिजिटल प्रविधि, कृत्रिम बौद्धिकता (एआई), ब्लकचेन र डाटा एनालिटिक्सजस्ता नवीन प्रविधिलाई वैदेशिक सहायताको व्यवस्थापनमा प्रयोग गरेर प्रभावकारिता र पारदर्शिता अभिवृद्धि गर्न प्रयास भइरहेको छ। जलवायु परिवर्तनको असरलाई सम्बोधन गर्न वैदेशिक सहायताको ठुलो हिस्सा जलवायु वित्ततर्फ प्रवाह भइरहेको छ। नवीकरणीय ऊर्जा, जलवायु अनुकूलन र हरित पूर्वाधार निर्माणमा सहयोग बढ्दै गएको छ। अनुदान, ऋण र निजी लगानी मिश्रण गरेर विकास आयोजनाहरूलाई आर्थिक रूपमा सबल

बनाउने हाइब्रिड वित्तीय मोडेलहरूको खोजी गर्ने र यसलाई अभ्यासबाट पुष्टि गर्ने प्रवृत्ति पनि तीव्र हुँदै गएको छ। निजी क्षेत्रलाई विकास सहयोगमा संलग्न गराउँदै सार्वजनिक-निजी साझेदारी मोडेललाई प्राथमिकता दिने अन्तर्राष्ट्रिय अभ्यास बढ्दो छ।

विकास साझेदारहरूले भएका प्रशासनिक संरचना कटौती गर्ने, नयाँ प्रविधिको प्रयोग अभिवृद्धि गर्ने, कार्यान्वयनमा आफैं सहभागी नभई तेस्रो पक्षलाई संलग्न गराउने जस्ता अभ्यास बढ्दै गएको छ। विश्वव्यापी रूपमा वैदेशिक सहायताको ठुलो अंश सरकारको प्रणालीभन्दा बाहिर परिचालन हुने गरेको, कुनै क्षेत्र विशेषमा सहायता सुनिश्चित (इयरमार्क) हुने गरेको र विकास साझेदारले आफ्नै देशका गैरसरकारी संस्था तथा निजी स-साना परियोजनामा समेत वैदेशिक सहायता परिचालन गर्ने अभ्यास बढेको पाइन्छ। पछिल्लो समयमा युद्धग्रस्त मुलुकतर्फ वैदेशिक सहायताको ठुलो हिस्सा प्रवाह हुँदा अन्य मुलुकमा जाने वैदेशिक सहायताको हिस्सा घट्ने अवस्था छ।

नेपालले द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदारबाट अनुदान तथा सहुलियतपूर्ण ऋण र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट अनुदानमार्फत वित्त स्रोत परिचालन गर्दै आएको छ। साथै, प्राविधिक तथा मानवीय सहायताका रूपमा समेत आवश्यकतानुसार वैदेशिक सहायता परिचालन गर्दै आएको छ। जलविद्युत, सडक, पुल, सिँचाइ, सहरी विकास जस्ता पूर्वाधार क्षेत्रमा; शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी जस्ता मानवीय तथा सामाजिक क्षेत्रमा; वि.सं. २०७२ मा आएको ठुलो भूकम्पपछिको पुनर्निर्माण र कोभिड महामारीलगायत अन्य प्राकृतिक विपद् व्यवस्थापनमा वैदेशिक सहायताको उल्लेख्य योगदान रहेको छ। प्रारम्भिक चरणमा सहुलियतपूर्ण ऋणको तुलनामा अनुदानको हिस्सा बढी रहने गरेकोमा पछिल्ला वर्षहरूमा अनुदानको हिस्सा घटेको र सहुलियतपूर्ण ऋणको हिस्सा बढ्दै गएको छ।

सहुलियतपूर्ण ऋणतर्फ पनि पछिल्ला वर्षहरूमा नीतिगत सुधारमा आधारित बजेटरी सहयोग परिचालनको हिस्सा उल्लेख्य रहेको छ। द्विपक्षीयभन्दा बहुपक्षीय वैदेशिक सहायताको हिस्सा बढ्दै गएको छ। बहुपक्षीय संस्थाबाट लिएका सहुलियतपूर्ण ऋणको ब्याज तुलनात्मक रूपमा न्यून र साँवा भुक्तानी अवधि लामो भए तापनि अमेरिकी डलर लगायत विदेशी मुद्रा र नेपाली मुद्राबिचको विनिमय दरमा हुने परिवर्तनले लागतमा वृद्धि हुने गरेको छ। सार्वजनिक लगानीका आयोजना समयमा सम्पन्न नभई प्रतिफल प्राप्तिमा ढिलाइ हुने तर विगतमा लिएका ऋणको भुक्तानी अवधि क्रमशः सुरु हुने भएकाले वैदेशिक ऋणको साँवा ब्याज भुक्तानीको आकारसमेत बढ्दै गएको छ।

### १.२ समस्या तथा चुनौती

नेपालमा वैदेशिक सहायता परिचालनमा केही समस्या र चुनौती विद्यमान छन्। आयोजना कार्यान्वयनको पूर्वतयारी पूरा नभई वैदेशिक सहायतासम्बन्धी सम्झौता हुने तर कार्यान्वयनका क्रममा तोकिएको समय र लागतमा आयोजना पूरा हुन नसक्ने अवस्था छ। खरिद प्रक्रिया तथा ठेक्का व्यवस्थापनमा देखिएका

समस्या र अन्तरनिकाय समन्वयको कमीका कारणले समेत वैदेशिक सहायता परिचालनमा अपेक्षित सुधार हुन सकेको छैन। वैदेशिक सहायतामा सञ्चालित अधिकांश आयोजनाहरू शोधभर्नामा आधारित भएकाले आयोजनामा भएको कार्यप्रगति र सोका आधारमा भएको खर्च समयमा शोधभर्ना माग नहुने, माग भएको शोधभर्नाको रकम प्राप्त भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन र नियमन नहुने कारण सरकारको नगद प्रवाहमा निरन्तर चाप पर्न गएको छ। सहायता परिचालनमा हुने खण्डीकरणलाई अझै देखिने गरी सुधार गर्न सकिएको छैन। वैदेशिक सहायताको अधिकांश हिस्सा कार्यसम्पादनमा आधारित हुने भएकोले आयोजना/कार्यक्रम समयमा सम्पन्न नहुँदा वैदेशिक सहायता प्रतिबद्धताको तुलनामा न्यून हिस्सा मात्र परिचालन हुने गरेको र यसले थप वैदेशिक सहायता परिचालन हुनसक्ने सम्भावनालाई घटाउने जोखिम रहेको छ।

वातावरण विनाश तथा जलवायु परिवर्तनका कारण सिर्जित प्राकृतिक प्रकोप तथा स्वास्थ्यसम्बन्धी महामारीले वैदेशिक सहायताको उल्लेख्य हिस्सा जलवायु परिवर्तनसम्बन्धी जोखिम न्यूनीकरण र अनुकूलनमा प्रवाह हुन गएको छ। नीतिगत सुधारमा आधारित बजेट प्रणालीमा प्राप्त हुने वैदेशिक सहायता परिचालनमा अन्तरनिकाय अपनत्व र समन्वय नहुँदा सुधारका एजेन्डाको प्रभावकारिता अभिवृद्धि र दिगोपना कायम गर्न सकिएको छैन। वैदेशिक सहायता परिचालनमा अपेक्षित रूपमा संस्थागत तथा प्राविधिक क्षमता सुधार गर्न सकिएको छैन। द्विपक्षीय सहायता परिचालनमा विकास साझेदारका प्राथमिकता र राष्ट्रिय प्राथमिकताबिच तादात्म्य कायम गर्न सकिएको छैन।

## १.३ नयाँ नीतिको आवश्यकता

वैदेशिक सहायता परिचालनसम्बन्धी नीतिलाई समयसापेक्ष परिमार्जन गर्ने क्रममा विकास सहायता नीति, २०७१ लाई खारेज गर्दै चौधौं योजनाको अन्तिम आर्थिक वर्षमा सङ्घीय अवधारणालाई समेत आत्मसात् गर्ने गरी अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ जारी भएको थियो। उक्त नीतिमा व्यापारिक ऋणसम्बन्धी व्यवस्था, सम्मिश्रित वित्तीय व्यवस्था, विपद् व्यवस्थापन लगायत सङ्घीय ढाँचामा वैदेशिक सहायता परिचालन र अनुगमन तथा मूल्याङ्कनसम्बन्धी नयाँ व्यवस्थाहरू राखिएका थिए।

विद्यमान अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति कार्यान्वयनका क्रममा बदलिँदो राष्ट्रिय र अन्तर्राष्ट्रिय परिप्रेक्ष्यअनुरूप वैदेशिक सहायतामा नयाँ-नयाँ प्रवृत्ति र अभ्यास स्थापित भएका छन्। विकास साझेदारको आआफ्नै वित्त चुनौतीका कारण वैदेशिक सहायताको संरचनामा समेत परिवर्तन हुँदै गएको छ। प्रदेश तथा स्थानीय तहमा वैदेशिक सहायता परिचालनको आकार बढ्दै गएको कारण वैदेशिक सहायता परिचालनमा अन्तरनिकाय र अन्तरतह समन्वय एवं सहकार्यको थप स्पष्टता आवश्यक देखिएको छ।

विकास कार्यमा निजी क्षेत्रको भूमिकालाई अभिवृद्धि गर्न वैदेशिक सहायता परिचालनमा नीतिगत रूपमा थप स्पष्टता आवश्यक देखिएको छ। सरकारको एकल प्रयास र सीमित साधन स्रोतले मात्र विकास सम्भव नहुने भएकोले निजी क्षेत्र लगायत अन्य विकास साझेदारहरूसँग भएको साधन, ज्ञान, सिप र

अनुभवलाई उपयोग गर्दै जानुपर्ने टड्कारो आवश्यकता छ। समयको प्रवाह सँगसँगै विकास भएका वैदेशिक सहायताका नयाँ-नयाँ अवधारणा, वित्तीय उपकरण र शैली आत्मसात् गर्दै वैदेशिक सहायतामा नवीनतम वित्तीय उपकरणहरू परिचालन र उपयोग गर्न नयाँ नीतिको आवश्यकता देखिएको छ। सम्भाव्यताका आधारमा सार्वजनिक, निजी, वैदेशिक सहायता सम्मिश्रित संयुक्त एवं नवीन स्रोत परिचालनबाट समेत विकासका लागि आवश्यक साधन जुटाउने गरी नीतिगत प्रबन्ध गर्नु आवश्यक छ। वैदेशिक सहायता परिचालनको नेतृत्व र स्वामित्व प्रापक राष्ट्रले लिदा त्यसको प्रभावकारिता बढ्ने मान्यता र सहायता परिचालनका सफलता वा असफलताका लागि सरकार एवं विकास साझेदार एक अर्काप्रति र आआफ्ना करदाताप्रति जवाफदेही हुनुपर्ने पारस्परिक जवाफदेहिताको सिद्धान्तलाई व्यवहारमा रूपान्तरण गरी वैदेशिक सहायता परिचालनमा दक्षता र प्रभावकारिता हासिल गर्नु आवश्यक छ।

सन् २०२६ मा नेपाल विकासशील राष्ट्रको रूपमा स्तरोन्नति भएपश्चात् नेपालले प्राप्त गर्दै आएको सहुलियत तथा सुविधामा केही असर पर्न सक्ने र प्रतिव्यक्ति राष्ट्रिय आयमा हुने वृद्धिसँगै द्विपक्षीय एवं बहुपक्षीय विकास साझेदारका सहुलियतपूर्ण वैदेशिक सहायताका लागि निर्धारित मापदण्डका कारण नेपालले प्राप्त गर्ने सहायताको लागत क्रमशः बढ्ने, अनुदान सहायता घट्दै जाने र सहुलियतपूर्ण ऋण भुक्तानी अवधि कम हुने भएकोले सोही अनुरूप वैदेशिक सहायता परिचालनमा छनौटपूर्ण हुनुपर्ने अवस्था छ।

नेपालको संविधानको भावना र परिवर्तित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भलाई समेट्दै वैदेशिक सहायता नीति, २०५९; विकास सहायता नीति, २०७१ र अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ को कार्यान्वयनका सिलसिलामा प्राप्त भएका उपलब्धि तथा अनुभवका आधारमा यस वैदेशिक सहायता परिचालन नीतिलाई थप परिष्कृत गरी तर्जुमा गरिएको छ। सोह्रौं योजनाले समेत राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई नयाँ ढङ्गले परिभाषित गरेको छ। उपरोक्त सबै पक्षलाई आत्मसात् गर्दै सोसँग तादात्म्यता कायम गर्न समयसापेक्ष नयाँ नीति जारी गर्नुपर्ने आवश्यकता छ।

निजी क्षेत्रको भूमिका थप अभिवृद्धि गर्न; नवीनतम वित्तीय उपकरण प्रयोगमा वैदेशिक सहायतालाई समावेश गर्न; सङ्घ, प्रदेश र स्थानीय तहमा वैदेशिक सहायता परिचालनलाई प्रभावकारी बनाउन; नेपाल विकासशील मुलुकमा स्तरोन्नति भएपछि हुनसक्ने वित्तीय चुनौती सम्बोधन गर्न; जलवायु कोष लगायत जलवायु वित्तका अन्य स्रोत परिचालन गर्न एवं वैदेशिक सहायतासम्बन्धी विषयअनुरूप आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा भएका प्रावधानलाई समायोजन र थप स्पष्ट गर्न यो नीति आवश्यक देखिएको छ।

त्यसैगरी वैदेशिक सहायता परिचालनबाट प्राप्त हुने अवसरहरूको अधिकतम उपयोग गर्न; राष्ट्रिय विकासका लक्ष्य हासिल गर्न सार्वजनिक, निजी, सामुदायिक र अन्य क्षेत्रबिच साझेदारी एवं सहलगानी बढाउन तथा सङ्घ, प्रदेश र स्थानीय तहबिच वैदेशिक सहायता परिचालनमा समन्वय अभिवृद्धि गरी सुदृढ अर्थतन्त्र निर्माण गर्न यो नीति आवश्यक देखिएको छ। यस नीतिमा नीतिअनुरूप रणनीति र कार्यनीतिको शृङ्खला तय गरी सोलाई कार्यान्वयन गर्न कार्ययोजनासमेत समावेश गरिएको छ।

## परिच्छेद २: नीति संरचना

### २.१ दूरदृष्टि

वैदेशिक सहायता परिचालनः नेपालको विकासमा योगदान।

### २.२ ध्येय

राष्ट्रको आवश्यकता र प्राथमिकताअनुरूप उत्पादनशील र उच्च प्रतिफल प्राप्त हुने क्षेत्रमा वैदेशिक सहायताको परिचालन गर्ने।

### २.३ लक्ष्य

२.३.१ विकासको दीर्घकालीन लक्ष्य हासिल गर्न आवश्यक पर्ने स्रोत र साधनको न्यूनता परिपूर्ति गर्ने।

२.३.२ वैदेशिक सहयोगको परिचालनबाट आर्थिक विस्तारमा योगदान पुऱ्याउने।

२.३.३ वैदेशिक सहायता परिचालनमा राष्ट्रको नेतृत्वदायी भूमिका स्थापित गरी उपयोग क्षमतामा गुणात्मक वृद्धि गर्ने।

### २.४ उद्देश्य

२.४.१ वैदेशिक सहायता परिचालनबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्नु।

२.४.२ आयोजना तथा कार्यक्रम कार्यान्वयनमा तीव्रता दिइ वैदेशिक सहायताको उपयोग क्षमता वृद्धि गर्नु।

२.४.३ विकास सहायता परिचालन गरी स्वदेशी तथा विदेशी पुँजी र प्रविधि परिचालन हुने उपयुक्त वातावरण सिर्जना गर्नु।

### २.५ नीति

२.५.१ राष्ट्रिय आवश्यकता र प्राथमिकताप्राप्त क्षेत्रमा वैदेशिक सहायता परिचालन गर्ने।

२.५.२ वैदेशिक सहायता परिचालनमा विकास साझेदारको संयुक्त जवाफदेहिता र उत्तरदायित्व स्थापित गर्ने।

२.५.३ वैदेशिक सहायता परिचालनको राष्ट्रिय उपयोग क्षमता बढाउने।

२.५.४ निजी क्षेत्रको विकास र निजी पुँजी आकर्षित हुने गरी वैदेशिक सहायता परिचालन गर्ने।

### २.६ रणनीति

**नीति २.५.१ सँग सम्बन्धित**

२.६.१ राष्ट्रिय प्रणालीसँग तादात्म्यता कायम गरी वैदेशिक सहायता परिचालन गर्ने।

२.६.२ राष्ट्रिय क्षमता तथा विशेषज्ञताको कमी पूरा गर्न छनौटपूर्ण प्राविधिक सहायता उपयोग गर्ने।

२.६.३ राष्ट्रिय आवश्यकता र प्राथमिकताका आधारमा वस्तुगत सहायता उपयोग गर्ने।

२.६.४ जलवायु न्यायको मान्यताका आधारमा नेपाललाई लाभ हुने गरी उपलब्ध जलवायु वित्तको अधिकतम परिचालन गर्ने।

२.६.५ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा वैदेशिक सहायता परिचालन गर्ने

२.६.६ अन्तर्राष्ट्रियस्तरमा स्थापित कोषको पहुँचमा वृद्धि गरी वैदेशिक सहायता परिचालन गर्ने।

२.६.७ गैरसरकारी संस्थामार्फत परिचालन हुने सहायतालाई जवाफदेहीपूर्ण तथा पारदर्शी रूपमा उपयोग गर्ने।

**नीति २.५.२ सँग सम्बन्धित**

२.६.८ वैदेशिक सहायताको नतिजाप्रति सहायता प्राप्त गर्ने पक्ष र विकास साझेदारको संयुक्त जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गर्ने।

२.६.९ वैदेशिक सहायता परिचालनमा अन्तरतह र अन्तरनिकायको स्वामित्व र समन्वय सुदृढ गर्दै वैदेशिक सहायताको दक्षतापूर्ण उपयोग गर्ने।

२.६.१० वैदेशिक सहायता परिचालनका लागि अन्तर्राष्ट्रिय साझेदारी सुदृढ गर्ने।

**नीति २.५.३ सँग सम्बन्धित**

२.६.११ आयोजना र कार्यक्रममा आधारित वैदेशिक सहायतामा जोड दिंदै राष्ट्रिय उपयोग क्षमता बढाउने तथा क्षेत्रगत सहायता र नीतिगत सुधारमा आधारित बजेट सहायतासमेत आवश्यकतानुसार परिचालन गर्ने।

**नीति २.५.४ सँग सम्बन्धित**

२.६.१२ वैदेशिक सहायता परिचालनका नवीन उपकरणहरूको उपयोग गरी निजी क्षेत्रको विकासमा सघाउ पुऱ्याउने तथा निजी पुँजी आकर्षित गर्ने।

## २.७ कार्यनीति (Action Policy)

**२.७.१ रणनीति २.६.१ सँग सम्बन्धित** (राष्ट्रिय प्रणालीसँग तादात्म्यता कायम गरी वैदेशिक सहायता परिचालन गर्ने)

क) आवधिक विकास योजनाले पहिचान गरेका विषय-क्षेत्रगत नीति तथा प्राथमिकताअनुरूप कार्यक्रम कार्यान्वयन गर्ने।

ख) सङ्घ, प्रदेश तथा स्थानीय तहका विषय-क्षेत्रगत नीति, वार्षिक नीति तथा कार्यक्रम र बजेटमार्फत घोषणा भएका कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्ने।

ग) सरकारले अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेका प्रतिबद्धता पूरा गर्न तय गरिएका कार्यक्रम कार्यान्वयन गर्ने।

घ) विकास साझेदारका साझेदारी खाका/रणनीति एवं राष्ट्रिय आवश्यकताबिच तादात्म्य हुने गरी वैदेशिक सहायता परिचालन गर्न प्राथमिकता दिने।

ङ) सार्वजनिक खरिद, लेखाङ्कन, प्रतिवेदन, लेखापरीक्षण, सामाजिक तथा लैङ्गिक मुद्दा एवं वातावरणीय प्रभावसम्बन्धी विषयहरू सम्बोधनको क्रममा राष्ट्रिय कानून र प्रणालीसँग सामञ्जस्य हुने गरी सहायता परिचालन गर्ने।

च) सहायतालाई सङ्घ, प्रदेश र स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी सरकारी कोषमार्फत परिचालन गर्ने।

छ) वैदेशिक सहायतामा सञ्चालित आयोजना तथा कार्यक्रम सम्भव भएसम्म सरकारको विद्यमान संरचना र जनशक्तिबाटै कार्यान्वयन गर्ने।

ज) विपद् व्यवस्थापन, वातावरण संरक्षण र जलवायु परिवर्तनका असरलाई अनुकूलन र न्यूनीकरण गर्न बनाइएका योजना तथा खाका कार्यान्वयन गर्न सहायता प्राप्त गर्ने।

झ) वैदेशिक सहायतामार्फत आन्तरिक स्रोत परिचालन क्षमता अभिवृद्धि गर्न उपयुक्त देखिएको क्षेत्र तथा कार्यक्रममा सहायता परिचालन गर्ने।

ञ) व्यापारसम्बन्धी पूर्वाधार विकास, व्यापार सहजीकरण, व्यापार क्षमतामा अभिवृद्धि र निकासीसम्बन्धी उद्योगको विकास गर्न व्यापारका लागि प्राप्त हुने वैदेशिक सहायता परिचालन गर्ने।

**२.७.२ रणनीति २.६.२ सँग सम्बन्धित** (राष्ट्रिय क्षमता तथा विशेषज्ञताको कमी पूरा गर्न छनौटपूर्ण प्राविधिक सहायता उपयोग गर्ने)

**क) प्राविधिक सहायता परिचालन**

१. सर्तरहित प्राविधिक सहायतालाई प्राथमिकता दिने।

२. आयोजनासम्बद्ध प्राविधिक सहायताबाहेक अन्यको हकमा ऋण उपयोग नगर्ने।

३. मन्त्रालयको सहमतिमा प्राविधिक सहायता प्राप्त गर्ने।

४. राष्ट्रिय आवश्यकता र लाभका आधारमा अन्तर्राष्ट्रिय र क्षेत्रीय स्वरूपका प्राविधिक सहायता प्राप्त गर्न सक्ने।

५. क्षेत्रीय प्राविधिक सहायता स्वीकार गर्दा राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय विकासका मुद्दा एवं चासोका पक्षसँग सम्बन्धित विषयमा नेपालको संलग्नता तथा लाभ सुनिश्चित गर्ने।

६. विकास साझेदारहरूले आफूले परिचालन गरेका सबै प्राविधिक सहायताको विवरण सहायता सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्ने।

७. प्राविधिक सहायता कार्यान्वयनको आवधिक समीक्षा तथा मूल्याङ्कन नेपाल सरकार र विकास साझेदारले संयुक्त रूपमा गर्ने।

**ख) आयोजना तयारी सहायता**

१. आयोजना तयारीको लागि सामान्यतया अनुदान सहायतामा जोड दिने।

२. उच्च प्रतिफलयुक्त एवं आय आर्जन हुने आयोजनाको हकमा प्राविधिक जटिलता तथा स्रोतको उपलब्धताको आधारमा सहुलियतपूर्ण ऋण परिचालन गर्न सक्ने।

३. परिचालन भएको ऋण सहायताको रकम आयोजना लागतमा समावेश गर्ने।

**ग) आयोजनागत प्राविधिक सहायता**

१. राष्ट्रिय प्राथमिकताका आयोजना कार्यान्वयन चरणमा आवश्यक विशेषज्ञताको कमी पूरा गर्न आयोजनागत प्राविधिक सहायता प्राप्त गर्न सक्ने।

२. आयोजनामा प्राविधिक सहायता परिचालन गर्दा कार्यान्वयन निकायको संस्थागत क्षमता विकास गर्ने तथा सिकाइ एवं प्रविधि हस्तान्तरण गर्ने गरी दिगोपना सुनिश्चित गर्ने।

**घ) परामर्शदाता परिचालन**

१. उपलब्ध र सम्भव भएसम्म नेपाली नागरिक वा संस्थालाई प्राथमिकता दिने गरी प्रविधि तथा ज्ञानको हस्तान्तरण गर्ने र राष्ट्रियस्तरमा उपलब्ध नभएको विज्ञताका लागि मात्र अन्तर्राष्ट्रिय परामर्शदाता परिचालन गर्ने।

२. परामर्श सेवाको लागि आयोजना दस्तावेजमा स्पष्ट सीमा, सर्त र कार्यविवरण संलग्न हुनु पर्ने।

३. नेपाल सरकारको पूर्वस्वीकृतिविना पूर्वाधार आयोजनाको कुल लागतको ५ प्रतिशतभन्दा बढी रकम परामर्श सेवामा खर्च नगर्ने।

४. प्रदेश र स्थानीय तहले विदेशी परार्शदाता परिचालन गर्न सम्बन्धित विषयगत मन्त्रालयमार्फत अनुरोध गरेमा आवश्यकता र औचित्यको आधारमा मन्त्रालयले सहमति दिन सक्ने।

**ङ) स्वयंसेवक परिचालन**

१. द्विपक्षीय विकास साझेदारका स्वयंसेवी संस्थाहरूबाट प्राविधिक सहायताको रूपमा स्वयंसेवक परिचालन गर्न सक्ने।

२. स्वयंसेवकलाई प्राविधिक विशेषज्ञता र विकास आयोजना वा कार्यक्रमको आवश्यकतानुसार सङ्घ, प्रदेश र स्थानीय तहमा परिचालन गर्न सक्ने।

३. विषयगत मन्त्रालय र विकास साझेदारले खाका सम्झौताबमोजिम स्वयंसेवक परिचालन गर्ने र सो खाका सम्झौताबमोजिम स्वयंसेवक परिचालन गर्दा मन्त्रालयको स्वीकृति लिनु पर्ने।

४. दिगो रूपमा उपयोग हुने गरी प्रविधि, ज्ञान र सिप हस्तान्तरणको निम्ति स्वयंसेवकलाई स्थानीय संस्था, निकाय वा समुदायसँग आबद्ध गराइने।

५. स्वयंसेवकले नेपालको सभ्यता, संस्कृति र सामाजिक सद्भाव अनुकुल हुने गरी नेपाली नागरिकको धार्मिक आस्था र विश्वासको उचित सम्मान गर्नु पर्ने।

६. स्वयंसेवक सेवाको अनुगमन स्वयंसेवक प्रदायक संस्था र स्वयंसेवक परिचालन गर्ने निकायले गर्ने।

७. स्वयंसेवक उपलब्ध गराउने विकास साझेदारले कार्य सहमतिको लागि अनुरोध गर्नुपूर्व मन्त्रालयमा रहेको सूचना प्रणालीमा विवरण प्रविष्ट गर्नु पर्ने।

८. स्वयंसेवक प्रदायक संस्थाले स्वयंसेवक परिचालनसम्बन्धी प्रतिवेदन वार्षिक रूपमा विषयगत मन्त्रालय र मन्त्रालयमा पेस गर्नु पर्ने।

**२.७.३ रणनीति २.६.३ सँग सम्बन्धित** (राष्ट्रिय आवश्यकता र प्राथमिकताका आधारमा वस्तुगत सहायता उपयोग गर्ने)

क) मन्त्रालयको पूर्वसहमतिमा विषयगत मन्त्रालय र प्रदेश तथा स्थानीय तहले वस्तुगत सहायता प्राप्त गर्न सक्ने।

ख) प्रचलित कानूनले पैठारी गर्न रोक लगाएका वस्तु सहायताका रूपमा प्राप्त नगर्ने।

ग) वस्तुगत सहायताका रूपमा विद्युतीय सफ्टवेयर प्राप्त गर्दा सोको सोर्स कोड, वार्षिक नवीकरण, मर्मत तथा सुरक्षा शुल्कलगायत नेपाल सरकारलाई दायित्व सिर्जना हुने विषयको विश्लेषण गर्ने।

**२.७.४ रणनीति २.६.४ सँग सम्बन्धित** (जलवायु न्यायको मान्यताका आधारमा नेपाललाई लाभ हुने गरी उपलब्ध जलवायु वित्तको अधिकतम परिचालन गर्ने)

क) जलवायु परिवर्तनबाट अत्यधिक प्रभावित्त क्षेत्र (Sector) तथा भूगोल (Geography) लाई जलवायु वित्त परिचालनमा प्राथमिकता दिने।

ख) जलवायु वित्त परिचालनमा ऋण भन्दा अनुदानलाई र जलवायु अनुकूलनको क्षेत्रलाई प्राथमिकता दिने।

ग) जलवायु वित्त राष्ट्रिय प्रणालीबाट परिचालन गर्न प्राथमिकता दिने।

घ) राष्ट्रिय निर्धारित योगदान (NDC) तथा राष्ट्रिय अनुकूलन योजना (NAP) को लागि स्रोतको आवश्यकता पूरा गर्ने गरी कार्बन उत्सर्जक विकसित देशले प्रतिबद्धता गर्ने जलवायु वित्तको रकममा वृद्धि गर्न अन्तर्राष्ट्रियस्तरमा प्रयास गर्ने।

ङ) जलवायु वित्तको परिचालनमा जवाफदेहिता तथा पारदर्शिता अभिवृद्धि लगायत कोषमा सहज पहुँचका लागि प्रक्रिया सरलीकरण गर्न अन्तर्राष्ट्रिय मञ्चहरूमा पैरवी गर्ने।

च) जलवायुसम्बन्धी आयोजना तयार गर्न, जलवायु कोषमा पहुँच अभिवृद्धि गर्न तथा कोषबाट प्राप्त रकमको प्रभावकारी उपयोगको लागि जलवायु वित्तको परिचालन गर्ने निकायहरूको क्षमता अभिवृद्धि गर्ने।

छ) जलवायु वित्त परिचालनको लागि नेपाल सरकारले गर्नुपर्ने सह-वित्तीयकरणसम्बन्धी सर्तहरू कम गर्ने।

ज) हानि नोक्सानी कोषको प्रभावकारी कार्यान्वयनका लागि अन्तर्राष्ट्रियस्तरमा पैरवी गर्ने।

झ) कार्बन व्यापारमा नेपाललाई अधिकतम लाभ हुने गरी अन्तर्राष्ट्रिय रूपमा प्रचलित नवीनतम पद्धतिहरू अवलम्बन गर्ने।

ञ) जलवायु वित्त परिचालनका नवीनतम उपकरणको उपयोग गर्ने।

ट) जलवायु वित्त परिचालनका लागि सम्भावित आयोजना सूची तयार गरी प्राथमिकताको आधारमा उपलब्ध स्रोतको परिचालन गर्ने।

ठ) जलवायु परिवर्तन अनुकूलनका आयोजना विकास गर्दा कृषि, खानेपानी, सिँचाइ, वनलगायतका एकीकृत र कार्यक्रमगत विधिबाट विकास गर्न जोड दिने।

ड) गैरसरकारी र निजी क्षेत्रबाट गरिने जलवायु वित्त परिचालनलाई नियमित तथा व्यवस्थित गर्ने।

**२.७.५ रणनीति २.६.५ सँग सम्बन्धित** (विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा वैदेशिक सहायता परिचालन गर्ने)

क) विपद् व्यवस्थापन र सो प्रयोजनका लागि मानवीय सहायता वा राहत तथा उद्धार, खाद्यान्न, औषधिजन्य लगायतका सामाग्रीहरू वैदेशिक सहायतास्वरूप प्राप्त गर्न सक्ने।

ख) विपद्का समयमा प्राप्त हुने मानवीय सहायतालाई लक्षित क्षेत्रमा शीघ्र परिचालन गर्ने।

ग) विपद् तथा मानवीय सहायता तत्कालीन आवश्यकता र क्षमता हेरी सङ्घ, प्रदेश र स्थानीय तहमा रहने संयन्त्रमार्फत परिचालन गर्ने व्यवस्था मिलाउने।

घ) विपद्का समयमा मानवीय सहायता परिचालन गर्दा अन्तर्राष्ट्रिय असल अभ्यासहरू प्रति प्रतिबद्ध रहने।

ङ) विपद्को समयमा मानवीय सहायता प्रदान गर्ने विकास साझेदारहरूले राष्ट्रिय क्षमता अभिवृद्धि हुनेगरी सङ्कटको रोकथाम, न्यूनीकरण र सम्बोधन गर्नका लागि तयारी, सम्बोधन, राहत, पुनर्निर्माण र पुनर्स्थापना जस्ता चरणहरूमा मन्त्रालयसँग समन्वय गर्नु पर्ने।

च) विपद्मा मानवीय सहायता वितरण गर्दा मानवीय संवेदनाको आधारमा नेपालको सभ्यता, संस्कृति, सामाजिक सद्भाव, व्यक्तिको धार्मिक आस्था र विश्वासको उचित सम्मान गर्नु पर्ने।

**२.७.६ रणनीति २.६.६ सँग सम्बन्धित** (अन्तर्राष्ट्रियस्तरमा स्थापित कोषको पहुँचमा वृद्धि गरी वैदेशिक सहायता परिचालन गर्ने)

क) शिक्षा, स्वास्थ्य, जलवायु परिवर्तन, विपद् व्यवस्थापन जस्ता क्षेत्रहरूमा अन्तर्राष्ट्रियस्तरमा स्थापना गरिएका कोषहरूबाट अनुदान परिचालनमा जोड दिने। अनुदान उपलब्ध नभएको अवस्थामा आवश्यकतानुसार सहुलियतपूर्ण ऋण परिचालन गर्न सक्ने।

ख) अन्तर्राष्ट्रिय कोषबाट प्रतिस्पर्धा गरी वैदेशिक सहायता परिचालन गर्दा त्यस्ता कोषको सबै राष्ट्रलाई लागु हुने प्रावधानअन्तर्गत रही राष्ट्रिय प्राथमिकताका आधारमा परिचालन गर्ने।

ग) अन्तर्राष्ट्रियस्तरमा स्थापना भएका कोषबाट नेपाललाई उपलब्ध हुने सहायता प्राप्त गर्न मन्त्रालयको पूर्वसहमति लिनु पर्ने। त्यस्तो सहमति विषयगत मन्त्रालयको सिफारिसमा प्रदान गर्ने।

घ) अन्तर्राष्ट्रिय कोषमा परियोजना प्रस्ताव गर्दा मुलुकलाई छुट्याइएको रकमको सीमाभित्र नपरेको र सरकारको दायित्व सिर्जना नहुने विषय यकिन गर्नु पर्ने।

ङ) अन्तर्राष्ट्रिय कोषमा पहुँच प्राप्त गर्ने गैरसरकारी संस्थाले मन्त्रालय र विषयगत मन्त्रालयको समन्वयमा आयोजना दस्तावेज तयार गर्ने।

च) अन्तर्राष्ट्रिय कोषबाट प्राप्त सहायता परिचालन गर्न मन्त्रालयले सहायता परिचालनसम्बन्धी मापदण्ड र प्रक्रियाको आधारमा सहमति दिने।

छ) अन्तर्राष्ट्रिय कोषमा पहुँच प्राप्त गरी परिचालन गर्ने रकमको सम्बन्धमा समाज कल्याण परिषद्मा बेग्लै सम्झौता गर्न नपर्ने। त्यस्तो आयोजनाको अनुगमन तथा मूल्याङ्कन नेपाल सरकारबाट स्वीकृत वित्तीय सम्झौतामा उल्लेख भएबमोजिम हुने।

**२.७.७ रणनीति २.६.७ सँग सम्बन्धित** (गैरसरकारी संस्थामार्फत परिचालन हुने सहायतालाई जवाफदेहीपूर्ण तथा पारदर्शी रूपमा उपयोग गर्ने)

क) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत वैदेशिक सहायता परिचालन गर्दा राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा गर्ने।

ख) विकास साझेदारले नेपाल सरकारका लागि उपलब्ध गराउने भनी छुट्याइएको सहायता रकमबाहेक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आफ्नै पहलमा अन्तर्राष्ट्रियस्तरमा सहायता रकम सङ्कलन गरी आयोजना प्रस्ताव गर्दा समाजकल्याण परिषद्मार्फत गर्नु पर्ने।

ग) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आयोजनाको प्रस्ताव गर्दा आयोजना कार्यान्वयन गर्ने स्थानीय तहको पूर्वसहमति अनिवार्य पेस गर्नु पर्ने। यस्तो सहायताको विवरण मन्त्रालयमा रहेको सहायता व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्ने।

घ) अन्तराष्ट्रिय गैरसरकारी संस्थाले स्थानीय गैरसरकारी संस्थासँग कार्यान्वयन सम्झौता गरेमा सोको विवरण समाज कल्याण परिषद्मा पेस गर्ने। प्राप्त विवरणको आधारमा समाज कल्याण परिषद्ले कार्यान्वयन प्रक्रियामा सहजीकरण गर्ने।

ङ) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आयोजना छनौट गर्दा सङ्घ, सम्बन्धित प्रदेश तथा स्थानीय तहको सहभागितामा योजना तर्जुमा गर्नु पर्ने।

च) राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आफ्नै पहलमा अन्तर्राष्ट्रियस्तरमा सहायता रकम सङ्कलन गरी आयोजना कार्यान्वयन गर्दा जुन स्थानीय तहमा आयोजना कार्यान्वयनको लागि पूर्वसहमति लिएको हो सोही स्थानीय तहको समन्वयमा आयोजना कार्यान्वयन गर्ने।

छ) धार्मिक एवं राजनीतिक संस्था तथा राष्ट्रिय संवेदनशीलताका क्षेत्रहरूमा गैरसरकारी संस्थामार्फत सहायता परिचालन गर्न नपाइने।

ज) भौगोलिक र कार्यक्षेत्रगत दोहोरोपना हटाउन अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सञ्चालन गर्ने आयोजनाको निश्चित विषयगत क्षेत्र र आयोजना सञ्चालन हुने भौगोलिक क्षेत्र तोक्न सकिने। नियामक निकायले यस्ता संस्थाहरूले सञ्चालन गरेको आयोजनाहरूको विद्युतीय नक्साङ्कन गर्न सक्ने।

झ) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सञ्चालन गरेका आयोजनामा प्रशासनिक खर्च कुल लागतको बढीमा २० प्रतिशतसम्म हुने।

ञ) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले नेपालमा परिचालन गरेको सहायताको आयव्यय तथा क्रियाकलापको विवरण वार्षिक रूपमा सार्वजनिक गर्नु पर्ने।

ट) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सञ्चालन गरेको कार्यक्रमको सम्बन्धित स्थानीय तहमा वर्षको एक पटक तेस्रो पक्षद्वारा परीक्षणका साथै सार्वजनिक सुनुवाइ तथा सामाजिक लेखापरीक्षण समेत गराउनु पर्ने।

ठ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले वैदेशिक सहायता परिचालनको आयोजनागत विवरण मन्त्रालयमा रहेको सहायता सूचना व्यवस्थापन प्रणालीमा दोहोरो नपर्ने गरी प्रविष्टि गर्नु पर्ने। अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत कार्यान्वयन गरेको अनुदान सहायताको विवरण सूचना प्रणालीमा प्रविष्ट गर्ने जिम्मेवारी सम्बन्धित दातृ पक्षको हुने।

ड) नेपाल सरकार र विकास साझेदारबिच भएको वित्तीय सम्झौतामा आयोजना कार्यान्वयन साझेदारको रूपमा कुनै अन्तर्राष्ट्रिय गैरसरकारी संस्था रहने प्रावधान भएमा उक्त सम्झौतानुसार आयोजना कार्यान्वयनको लागि समाजकल्याण परिषद्मा थप सम्झौता गर्नु नपर्ने र त्यस्तो आयोजनाको अनुगमन तथा मूल्याङ्कन वित्तीय सम्झौतामा उल्लेख भएबमोजिम हुने।

ढ) विकास साझेदारले अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई आयोजना कार्यान्वयन साझेदारको रूपमा छनौट गरेमा छनौट गरेको १५ दिनभित्र सोको विवरण मन्त्रालय, सम्बन्धित आयोजना कार्यान्वयन गर्ने मन्त्रालय र समाज कल्याण परिषद्लाई उपलब्ध गराउने।

**२.७.८ रणनीति २.६.८ सँग सम्बन्धित** (वैदेशिक सहायताको नतिजाप्रति सहायता प्राप्त गर्ने पक्ष र विकास साझेदारको संयुक्त जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गर्ने)

क) आयोजना पहिचान चरणदेखि नै कार्यान्वयन गर्ने निकायलाई सक्रिय सहभागी गराइ स्वामित्व अभिवृद्धि गर्ने।

ख) विकास साझेदार तथा सहायता प्राप्त गर्ने पक्षले सहायताको शीघ्र कार्यान्वयनका लागि प्रकियागत सरलीकरणमा जोड दिने।

ग) वैदेशिक सहायतामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित रूपमा अनुगमन र समीक्षा गरी देखिएका समस्याको निराकरण गर्ने।

घ) वैदेशिक सहायतामा सञ्चालित आयोजना तथा कार्यक्रमको नतिजाप्रति दुबै पक्षले संयुक्त रूपमा जवाफदेहिता र उत्तरदायित्व वहन गर्ने।

**२.७.९ रणनीति २.६.९ सँग सम्बन्धित** (वैदेशिक सहायता परिचालनमा अन्तरतह र अन्तरनिकायको स्वामित्व र समन्वय सुदृढ गर्दै वैदेशिक सहायताको दक्षतापूर्ण उपयोग गर्ने)

**क) अन्तरतहको स्वामित्व र समन्वय सुदृढीकरण**

१. अनुदान सहायता, नेपाल सरकारको दायित्वअन्तर्गतको ऋण सहायता र प्राविधिक सहायताका हकमा मन्त्रालयले वित्तीय सम्झौता गरी कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहमा पठाउने।

२. प्रदेश र स्थानीय तहको अनुरोधमा परिचालन हुने ऋणको सम्झौता गर्दा नेपाल सरकारले सम्बन्धित तहसँग सहायक ऋण सम्झौता गरी बजेटमार्फत कार्यान्वयनका लागि पठाउने र आवश्यकतानुसार एस्क्रो एकाउन्टमार्फत ऋणको साँवा ब्याज भुक्तानीको व्यवस्था गर्न सक्ने।

३. शिक्षा तथा स्वास्थ्य क्षेत्रमा परिचालन गरिने ऋणबाहेक सम्भाव्यताका आधारमा प्रदेश र स्थानीय तह मार्फत अन्य आयोजना/कार्यक्रममा ऋण सहायता परिचालन गर्दा सम्बन्धित तहसँग सहायक ऋण सम्झौतामार्फत परिचालन गर्ने।

४. बजेट प्रणालीमार्फत परिचालन हुने अनुदान सहायताको रकम ससर्त अनुदानको रूपमा प्रदेश तथा स्थानीय तहमा पठाउने।

५. सङ्घ, प्रदेश र स्थानीय तहमा सञ्चालन हुने विकास आयोजना/कार्यक्रमको लागि सहलगानीबापत आवश्यक पर्ने रकम सम्बन्धित तहले ब्यहोर्ने।

६. प्रदेश र स्थानीय तहले सिफारिस गरेका आयोजनाको वित्तीय स्रोत जुटाउन विकास साझेदारसँग गरिने वार्ता तथा सम्झौतामा सम्बन्धित तहको प्रतिनिधित्व गराउने।

**ख) अन्तरनिकाय समन्वय सुदृढीकरण**

१. वैदेशिक सहायता परिचालन गर्दा सम्बन्धित स्थानीय तह, प्रदेश, सङ्घीय मन्त्रालय/निकायको सक्रिय सहभागिता सुनिश्चित गर्ने।

२. वैदेशिक सहायता परिचालनमा कुनै समस्या देखा परेमा मन्त्रालयको नेतृत्वमा सम्बन्धित स्थानीय तह, प्रदेश, सङ्घीय मन्त्रालय/निकाय र विकास साझेदारको संयुक्त बैठक बसी तत्काल समाधान गर्न जोड दिने।

३. वैदेशिक सहायताबाट सञ्चालित आयोजना/कार्यक्रम कार्यान्वयनको क्रममा विकास साझेदारको तर्फबाट कुनै सहायता तथा सहजीकरण आवश्यक परेमा विषयगत मन्त्रालयको अनुरोधमा सम्बन्धित विकास साझेदारलाई अनुरोध गर्ने।

४. विकास साझेदारले आयोजना/कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायसँग प्रत्यक्ष समन्वय र सहजीकरण गर्ने।

५. आयोजना कार्यान्वयनमा प्रत्यक्ष संलग्न नहुने निकायको समन्वय आवश्यक भएमा मन्त्रालयमा लेखी पठाउने।

६. वैदेशिक सहायताको कार्यान्वयन प्रगतिको सम्बन्धित विकास साझेदारसँगको समन्वयमा आवधिक रूपमा समीक्षा गर्ने।

**२.७.१० रणनीति २.६.१० सँग सम्बन्धित** (वैदेशिक सहायता परिचालनका लागि अन्तर्राष्ट्रिय साझेदारी सुदृढ गर्ने)

क) वैदेशिक सहायता परिचालनका लागि अन्तर्राष्ट्रिय साझेदारी गर्ने मञ्चमा मुलुकको हित प्रवर्धन र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार हुने गरी सक्रिय सहभागी हुने।

ख) राष्ट्रिय स्वार्थ मिल्ने अन्य मुलुकहरूसँग पारस्परिक तथा तुलनात्मक लाभको आधारमा वैदेशिक सहायताका लागि पारदर्शी रूपमा साझेदारी गर्ने।

ग) विदेशी लगानी, प्रविधि हस्तान्तरण, व्यापार प्रवर्धन लगायतका क्षेत्रमा अन्तर्राष्ट्रिय साझेदारी गर्न सकिने।

घ) उपयुक्तता र अनुभवका आधारमा दक्षिण-दक्षिण तथा त्रिभुजीय सहयोगको अवधारणाअनुरूपको सहयोग आदानप्रदान गर्ने।

ङ) दक्षिण क्षेत्रका सहायता प्राप्त गर्ने दुई वा सो भन्दा बढी राष्ट्रबिचको आपसी सहयोग तथा उत्तर क्षेत्रका परम्परागत दातृराष्ट्र एवं संस्थाहरू समेतको समन्वयात्मक तथा वित्तीय संलग्नतामा सहयोग आदानप्रदान गर्न सक्ने।

च) दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) र बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिमस्टेक) जस्ता क्षेत्रीय संयन्त्रसँग सहयोग अभिवृद्धि गर्न र अन्तर सरकारी संयुक्त आर्थिक आयोगमार्फत सहायता परिचालन गर्नसक्ने।

**२.७.११ रणनीति २.६.११ सँग सम्बन्धित** (आयोजना र कार्यक्रममा आधारित वैदेशिक सहायतामा जोड दिंदै राष्ट्रिय उपयोग क्षमता बढाउने तथा क्षेत्रगत सहायता र नीतिगत सुधारमा आधारित बजेट सहायतासमेत आवश्यकतानुसार परिचालन गर्ने)

**क) आयोजनामा आधारित वैदेशिक सहायता**

१. आयोजना छनोट गर्दा आर्थिक सम्भाव्यता, उच्च प्रतिफल दर, न्यून सञ्चालन खर्च, नवीनता, थप लगानी आकर्षित गर्ने क्षमता (उच्च लिभरेज) र दिगोपनालाई आधार बनाउने।

२. पूर्वतयारी पूरा भएका, लागत लाभ विश्लेषणबाट प्रतिफलयुक्त देखिएका, राष्ट्रिय आयोजना बैंकमा समावेश भएका, कार्यान्वयन निकाय र विधि यकिन भएका तथा मन्त्रालयले विकास गरेको आयोजना तत्परता मूल्याङ्कनसम्बन्धी चेकलिष्टबमोजिम आयोजना विकासका पूर्वतयारी पूरा भएका आयोजना छनोट गर्ने।

३. विकास साझेदारको बहुवर्षीय आयोजना सूचीमा समावेश गर्दा क्षेत्रगत प्राथमिकतामा समावेश भएका आयोजनाहरूमध्ये प्राथमिकताक्रमका आधारमा छनोट गर्ने।

४. आयोजना कार्यान्वयनका लागि परामर्शदाता प्रतिको निर्भरता क्रमशः घटाउदै नेपाल सरकारकै जनशक्तिबाट कार्यान्वयन गर्ने।

५. आयोजना कार्यान्वयनका क्रममा खरिद विधि अवलम्बन गर्दा राष्ट्रिय खरिद कानून अवलम्बन गर्न जोड दिने। विकास साझेदारको खरिद नीति कार्यान्वयन गर्दा विकास साझेदार र नेपाल सरकारको खरिद कानून तथा प्रक्रियाबिच तादात्म्य कायम गर्ने।

६. आयोजना सम्झौता गर्दा अन्तरनिकाय जिम्मेवारी तथा कार्यान्वयन कार्ययोजना तय गर्ने।

७. आयोजना कार्यान्वयनका लागि आवश्यक निर्माण सामग्रीलगायतका अन्य सामग्रीको सुनिश्चितता गर्ने।

८. ठुला आयोजना कार्यान्वयनका क्रममा आउने समस्या तत्काल समाधानका लागि आवश्यकतानुसार मन्त्रालयको नेतृत्वमा अन्तरनिकायको प्रतिनिधित्व रहेको संयन्त्र गठन गर्ने।

९. वैदेशिक सहायता परिचालन गर्दा आयोजनाको सञ्चालन खर्च न्यून गर्न र कार्यान्वयनमा ढिलाइ हुन नदिन समान प्रकृतिका आयोजनाहरूका निम्ति विकास साझेदारको साझा कोष (पुल फण्ड) निर्माण गर्न विकास साझेदारहरूलाई प्रोत्साहित गर्ने।

१०. ठुला प्रकृतिका उच्च लागत भएका आयोजनामा एकभन्दा बढी विकास साझेदारसँग वैदेशिक सहायता परिचालन गर्नु परेमा नेतृत्व गर्ने विकास साझेदारमार्फत समन्वय गर्ने प्रणाली विकास गर्ने र विकास सहायताका सर्तहरू समेत नेतृत्व गर्ने विकास साझेदारकै लागु हुने व्यवस्था गर्ने।

११. आयोजना कार्यान्वयनको लागि विकास साझेदारसँग जुन कारोबार मुद्रामा वित्तीय सम्झौता गरिएको छ, सोही मुद्रा वा नेपाली मुद्रामा ठेकेदार/परामर्शदातासँग खरिद सम्झौता गर्ने।

१२. वस्तु तथा सेवा खरिदमा प्रतिस्पर्धा सीमित हुने गरी र आयोजनाको लागत निश्चित नगरी ऋण लिने प्रक्रिया अघि नबढाउने।

१३. छुट्टै आयोजनाको रूपमा जग्गा प्राप्ति, सरकारी कार्यालय भवन निर्माण (विपद् पछिको पुनर्निमाण बाहेक) र सवारी साधन खरिदका लागि ऋण परिचालन नगर्ने।

**ख) कार्यक्रममा आधारित र क्षेत्रगत सहायता**

१. आवधिक योजना र वार्षिक कार्यक्रमबाट निर्धारित परिमाणात्मक लक्ष्य समावेश गरी निकासा आबद्ध सूचक (डिस्बर्समेन्ट लिङ्क्ड इन्डिकेडर) निर्धारण गर्ने।

२. नतिजा तथा उपलब्धिको तेस्रो पक्षबाट मूल्याङ्कनका लागि सार्वजनिक क्षेत्रका विज्ञ र विशिष्टिकृत निकायलाई तोक्ने।

३. प्राप्त हुने सहायता सम्बन्धित क्षेत्रका पूर्वाधार आयोजना तथा रूपान्तरणकारी आयोजना तथा कार्यक्रममा विनियोजन गर्ने।

४. मन्त्रालयले तयार गरेको आयोजनाको तत्परता मूल्याङ्कनसम्बन्धी चेकलिष्टबमोजिम कार्यक्रम विकासका सबै पूर्वतयारी पूरा भएको हुनुपर्ने।

५. कार्यक्रममा आधारित सहायता रकम शोधभर्ना प्राप्त गर्दा महालेखा नियन्त्रक कार्यालयले तोकेको छुट्टै खातामा जम्मा गरी खर्चको प्रगतिको आधारमा केन्द्रीय खातामा स्थानान्तरण गर्ने।

६. दाताको संयुक्त कोष र ट्रष्ट फण्डमार्फत सहायता परिचालन गर्न प्राथमिकता दिने।

**ग) नीतिगत सुधारमा आधारित बजेट सहायता**

१. सरकारको प्राथमिकतामा रहेका नीतिगत तथा कानूनी सुधारलाई समावेश गरी सुधारका क्षेत्र कायम गर्ने।

२. सुधारका लागि कार्यक्रम तय गर्न, तय गरिएका कार्य सम्पन्न गर्न र सुधारलाई संस्थागत गर्न मन्त्रालयको नेतृत्वमा सम्बन्धित मन्त्रालय/निकायको प्रतिनिधित्व रहेको संयन्त्र निर्माण गर्ने।

३. पूर्व तयारी सम्पन्न भएका, उच्च प्राथमिकता र रणनीतिक महत्त्वका आयोजना तथा कार्यक्रममा बजेटरी सहायताको रकम विनियोजन गर्ने।

४. बजेट सहायतामा विनियोजित रकम सोही आर्थिक वर्षमा खर्च हुन नसकेमा सम्बन्धित आयोजनाको नाममा छुट्याइ आगामी वर्षका लागि सोही आयोजनामा विनियोजन गर्ने। उक्त आयोजना सम्पन्न भएपछि उपयोग हुन बाँकी रकम प्राथमिकता प्राप्त अर्को आयोजनामा विनियोजन गर्ने।

**२.७.१२ रणनीति २.६.१२ सँग सम्बन्धित** (वैदेशिक सहायता परिचालनका नवीन उपकरणहरूको उपयोग गरी निजी क्षेत्रको विकासमा सघाउ पुऱ्याउने तथा निजी पुँजी आकर्षित गर्ने)

**क) सम्मिश्रित वित्त**

१. विकास वित्तको न्यूनता परिपूर्ति गर्न सरकारले अनुदान र सहुलियतपूर्ण ऋण सहायतालाई व्यापारिक, निजी, गैरसरकारी कोषबाट हुने आयोजनाको लगानीमा मिश्रण गरी सम्मिश्रित वित्त विधिबाट वैदेशिक सहायता परिचालन गर्ने।

२. सम्मिश्रित वित्त विधिअन्तर्गत अनुदान तथा ऋण सहायताको रकम एवं व्यापारिक, निजी, गैरसरकारी कोषजस्ता अन्य स्रोतको रकम एकै डालोमा राखी आयोजनाहरू व्यावसायिक रूपमा सम्भाव्य हुने र निजी पुँजी आकर्षित गर्ने गरी वित्तीय ढाँचा निर्धारण गर्ने।

**ख) सार्वजनिक-निजी साझेदारी**

१. नेपाल सरकारले तोकेका राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरू सार्वजनिक-निजी साझेदारीअन्तर्गत सञ्चालन गर्दा सोमा संलग्न सार्वजनिक क्षेत्रलाई पुँजीको अभाव परिपूर्ति गर्न नेपाल सरकार जमानी बसी ऋण परिचालन गर्न सक्ने।

२. सार्वजनिक-निजी साझेदारीलाई सम्भाव्य र आकर्षक बनाउन सोमा संलग्न निजीक्षेत्रलाई बाह्य पुँजीमा पहुँच स्थापित गर्न सहजीकरण गर्ने।

**ग) सम्भाव्यता न्यून परिपूरक कोष (भायविलिटि ग्याप फण्डिङ्ग)**

१. सार्वजनिक-निजी साझेदारीलाई आर्थिक रूपमा सम्भाव्य र आकर्षक बनाउन सरकारले वैदेशिक सहायता परिचालन गरी पुँजी लगानी गर्न, पुँजीगत अनुदान दिन वा अन्य विधिमार्फत वित्तीय जोखिम न्यूनीकरणमा साझेदारी गर्न सकिने।

**घ) बण्ड**

१. विकास वित्तको आवश्यकता पूरा गर्न कानूनद्वारा स्थापित हुने सार्वजनिक प्रकृतिका लगानी वा विकास कोषहरूमा बाह्य पुँजी परिचालन गर्न सहजीकरण गर्ने।

२. सरकार स्वयंले वा राष्ट्रिय अन्तर्राष्ट्रिय वित्तीय संस्थाको सहभागितामा दिगो विकास, ऊर्जा तथा हरित विकाससम्बन्धी आयोजनामा लगानी गर्न निश्चित प्रतिफल दरको अनसोर वा अफसोर सार्वभौम बण्ड जारी गर्न सक्ने।

३. सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएका संस्थाले बण्ड जारी गर्न चाहेमा कानूनबमोजिम काउन्टर ग्यारेन्टी दिने।

**ङ) पूर्वाधार कोष (फण्ड):**

१. निजीक्षेत्रको नेतृत्वमा यातायात, ऊर्जा तथा औद्योगिक पूर्वाधार आयोजना विकास गर्ने कम्पनीमा सेयर लगानी गर्न वा क्रेडिटलाइन सुविधा उपलब्ध गराउन पूर्वाधार फण्ड स्थापना गर्न सरकारले नीतिगत सहजीकरण गर्ने।

**च) निजी क्षेत्र विकासका लागि परिचालन हुने सहायतामा सहजीकरण**

१. विकास साझेदारबाट निजी क्षेत्र विकासका लागि परिचालन गरिने सहायता रकम आवश्यक सार्वजनिक पूर्वाधार निर्माण, प्रविधि हस्तान्तरण जस्ता क्षेत्रमा परिचालन गर्न प्रोत्साहित गर्ने।

२. भविष्यमा सरकारको दायित्व नहुने गरी मुलुकलाई छुट्याइएको सहायता रकमको परिमाण बाहिरबाट निजी क्षेत्रमा प्रवाह हुने अनुदान वा ऋण परिचालनमा आवश्यक समन्वय र सहजीकरण गर्ने।

## परिच्छेद ३ – नीति कार्यान्वयन

### ३.१ संस्थागत व्यवस्था

#### ३.१.१ निर्देशक समिति

क) यस नीति कार्यान्वयनमा मार्गदर्शन गर्न देहायबमोजिम एक उच्चस्तरीय "वैदेशिक सहायता परिचालन निर्देशक समिति" रहनेछ।

| | |
|---|---|
| अर्थ मन्त्री | अध्यक्ष |
| उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | सदस्य |
| सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (विकास व्यवस्थापन) | सदस्य |
| सचिव, अर्थ मन्त्रालय | सदस्य |
| सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| सचिव, परराष्ट्र मन्त्रालय | सदस्य |
| सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| सचिव, वैदेशिक सहायताबाट सञ्चालित कार्यक्रम/आयोजनासम्बद्ध मन्त्रालय | सदस्य |
| महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय | सदस्य |
| सहसचिव, वैदेशिक सहायता समन्वय गर्ने महाशाखा, अर्थ मन्त्रालय | सदस्य सचिव |

ख) नीति निर्देशक समितिले सम्बद्धता, विशेषज्ञता र आवश्यकताको आधारमा नेपाल सरकारका अन्य मन्त्रालयका उच्च पदाधिकारी, कुनै निकायका प्रतिनिधि, प्रदेश सरकारको प्रतिनिधि, निजी क्षेत्र वा विशेषज्ञलाई आमन्त्रित सदस्यको रूपमा समितिका बैठकहरूमा आमन्त्रण गर्न सक्ने।

ग) नीति निर्देशक समितिले यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि मार्गदर्शन गर्ने।

घ) वैदेशिक सहायता परिचालन नीति कार्यान्वयन समितिको सचिवालयको काम मन्त्रालयले गर्ने।

#### ३.१.२ आयोजना सिफारिस समितिः

क) विषयगत मन्त्रालयबाट प्रस्ताव भएका आयोजनाहरू मध्ये वैदेशिक सहायता परिचालनका लागि उपयुक्त भए नभएको निक्यौंल गर्न देहायबमोजिम एक आयोजना सिफारिस समिति रहनेछ।

| | |
|---|---|
| सहसचिव, वैदेशिक सहायता समन्वय गर्ने महाशाखा, मन्त्रालय | संयोजक |
| सहसचिव, आयोजनासँग सम्बन्धित विषयगत मन्त्रालय | सदस्य |
| सहसचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| उपसचिव, बजेट तथा कार्यक्रम महाशाखा (आयोजनासँग सम्बन्धित विषयगत मन्त्रालय हेर्ने), मन्त्रालय | सदस्य |
| उपसचिव, वैदेशिक सहायता समन्वय गर्ने महाशाखा, मन्त्रालय | सदस्य सचिव |

ख) आयोजना सिफारिस समितिले आवश्यकतानुसार अन्य सदस्यलाई आमन्त्रित गर्न सक्ने।

ग) आयोजना सिफारिस समितिले मन्त्रालयबाट स्वीकृत कार्यविधिअनुसार आयोजना सिफारिस गर्ने।

### ३.१.३ स्थानीय विकास साझेदार बैठक

स्थानीय विकास साझेदार बैठक सामान्यतः वर्षको दुई पटक वा आवश्यकतानुसार आयोजना गरिनेछ। यस संयन्त्रले स्थानीय रूपमा कार्यरत विकास साझेदार र नेपाल सरकार बिच वैदेशिक सहायता परिचालन नीति कार्यान्वयन एवं सहायता परिचालनका सम्बन्धमा आइपर्ने समस्याका विषयमा नियमित संवाद र समन्वय गर्ने मञ्चको रूपमा कार्य गर्ने।

## ३.२ कानूनी व्यवस्था

यस नीतिमा गरिएका प्रबन्धहरू सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९; आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६; सार्वजनिक खरिद ऐन, २०६३ र विकास साझेदारसँग गरिने वित्तीय सम्झौतानुसार कार्यान्वयन हुने।

## ३.३ नीति समन्वय र सामञ्जस्यता

### ३.३.१ मन्त्रालयको भूमिका

क) नेपाल सरकारलाई आवश्यक पर्ने वैदेशिक सहायता परिचालनको समन्वय गर्ने सम्पर्क विन्दुको रूपमा कार्य गर्ने। वैदेशिक सहायता समन्वयको लागि आर्थिक कूटनीतिको समेत प्रभावकारी उपयोग गर्ने।

ख) वैदेशिक सहायता परिचालन सम्बन्धमा सबै सरोकारवालाबिच एकरूपता कायम गर्न र राष्ट्रिय प्राथमिकताका आधारमा सहायता परिचालन गर्ने प्रयोजनका लागि कार्यसञ्चालन निर्देशिका बनाइ लागु गर्ने।

ग) राष्ट्रियस्तरका आयोजनाहरूका लागि आवश्यक पर्ने अन्तर्राष्ट्रिय स्रोतको व्यवस्थापन गर्ने।

घ) विकास साझेदारहरूसँग सहायताको लागि पत्राचार गर्ने, अनुरोध पठाउने, वार्ता गर्ने र वित्तीय सम्झौतामा नेपाल सरकारको तर्फबाट हस्ताक्षर गर्ने।

ङ) ऋण परिचालन सम्बन्धमा वार्ता गर्नु अघि नेपाल सरकार (मन्त्रिपरिषद्) बाट वार्ता गर्ने अख्तियारीसहितको सैद्धान्तिक सहमति लिने।

च) अनुदान र ऋण सम्झौतामा उल्लिखित कार्यक्षेत्र, सर्त, ऋण रकम र ऋणको लागत परिवर्तन नहुने गरी सम्झौताको म्याद थप र पुनर्सरचना गर्ने।

छ) अनुदान सहायताबाट सञ्चालित आयोजना वा कार्यक्रममा सम्झौतामा उल्लिखित कार्यक्षेत्र र सर्त परिवर्तन नहुने गरी थप अनुदान रकम प्राप्त गर्ने।

ज) वैदेशिक सहायता परिचालनको आवधिक प्रगति समीक्षा गर्ने।

झ) वैदेशिक सहायता परिचालनसँग सम्बन्धित विषयमा हुने अन्तर्राष्ट्रिय बैठक, गोष्ठी, सम्मेलनको नेतृत्व गर्ने।

ञ) प्रदेश सरकार र विकास साझेदार एवं स्थानीय सरकार र विकास साझेदारबिच हुने आयोजना कार्यान्वयनसम्बन्धी सम्झौता गर्न र आयोजना कार्यान्वयनसँग सम्बन्धित दस्तावेज तयारीका लागि सहजीकरण गर्ने।

ट) प्रदेश, स्थानीय तह र सार्वजनिक संस्थानलाई आयोजनामा आधारित ऋणको रूपमा वैदेशिक सहायता उपलब्ध गराउने र यसका लागि आवश्यक प्राविधिक सहायताको व्यवस्थापन गर्ने।

ठ) प्रदेश, स्थानीय तह र सार्वजनिक संस्थानको मागको आधारमा विकास साझेदारसँग नेपाल सरकारले वित्तीय सम्झौता गरी प्राप्त गरेको ऋणको हकमा सहायक ऋण सम्झौता गरी तत् तत् प्रदेश, स्थानीय तह र

सार्वजनिक संस्थानमा परिचालन गर्ने। यसरी सहायक ऋण सम्झौता गर्दा एस्क्रो एकाउन्टको माध्यमबाट ऋणको साँवा ब्याज भुक्तानी गर्ने गरी आवश्यक प्रबन्ध गर्न सक्ने।

ङ) वैदेशिक सहायता आवश्यक पर्ने सम्भावित आयोजनाका लागि छनौट पूर्व तयारीको कार्य गर्न सहयोग र समन्वय गर्ने।

### ३.३.२ विषयगत मन्त्रालय/निकायको भूमिका

क) आफ्नो मन्त्रालयअन्तर्गत वैदेशिक सहायता आवश्यक पर्ने सम्भावित आयोजनाहरूको सूची तयार गर्ने।

ख) आयोजनाको तत्परता मूल्याङ्कनसम्बन्धी चेकलिष्टबमोजिम आफ्नो मन्त्रालयअन्तर्गत वैदेशिक सहायताको सम्भाव्य आयोजना अघि बढाउन मन्त्रालयमा प्रस्ताव पठाउने।

ग) विकास साझेदारसँग हुने वार्तामा विषयगत मन्त्रालयको तर्फबाट प्रतिनिधि मनोनयन गरी वार्ताका लागि अख्तियारी दिने।

घ) आयोजनाको प्राविधिक विषयमा राय सुझाव दिने तथा आयोजना दस्तावेजलाई अन्तिम रूप दिने।

ङ) प्रदेश, स्थानीय तह तथा सार्वजनिक संस्थानले वैदेशिक सहायताको लागि प्रस्ताव गरेमा सोको जाँचबुझ गरी प्रक्रिया अगाडि बढाउने।

च) वैदेशिक सहायताका कार्यक्रम/आयोजना कार्यान्वयन गर्दा सम्झौताअनुरूपका काम भए नभएको तथा सर्त परिपालना भए नभएको अनुमगन गर्ने गराउने तथा आवश्यक सहजीकरण गर्ने।

छ) विषयगत मन्त्रालयले आफ्नो मन्त्रालयअन्तर्गत परिचालन भएको प्राविधिक सहयोग र स्वयंसेवक परिचालनको एकीकृत वार्षिक विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र मन्त्रालयमा पेस गर्ने।

ज) वैदेशिक सहायतामा सञ्चालन हुने आयोजना प्रमुखको जिम्मेवारी आयोजना अवधिभरको लागि तोक्ने।

झ) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट मन्त्रालयअन्तर्गत सञ्चालित कार्यक्रमहरूको समन्वय र अनुगमन गर्ने।

ञ) प्राविधिक सहायताबाट सवारी साधन, यन्त्र उपकरण खरिद गर्न वा वैदेशिक अध्ययन भ्रमण वा तालिममा भाग लिन मन्त्रालयको पूर्वसहमति लिने।

ट) कुनै पनि तहको सरकारी निकाय, संवैधानिक अङ्ग, सार्वजनिक संस्थान, नेपाल सरकारको पूर्ण वा आंशिक अनुदानमा सञ्चालित संस्था, प्रतिष्ठान आदिले वैदेशिक सहायताको खोजी गर्न वा सहायताको लागि औपचारिक अनुरोध गर्न, प्रस्ताव राख्न, वार्ता गर्न, कुनै सूचना दिन, आयोजनाको अवधारणापत्र एवं प्रस्तावसहित पत्राचार गर्न तथा समझदारीपत्र वा सम्झौतामा हस्ताक्षर गर्न मन्त्रालयको पूर्वसहमति लिने।

### ३.३.३ प्रदेश सरकारको भूमिका

क) आफ्नो प्रदेशअन्तर्गत वैदेशिक सहायता आवश्यक पर्ने सम्भावित आयोजनाहरू पहिचान गरी एकीकृत आयोजना सूची तयार गर्ने।

ख) प्रदेशअन्तर्गत परिचालन हुनसक्ने वैदेशिक सहायताको सम्भाव्य आयोजना अघि बढाउन नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालयमार्फत मन्त्रालयमा प्रस्ताव पठाउने।

ग) नेपाल सरकारका विषयगत मन्त्रालयको सिफारिसमा मन्त्रालयको सहमति लिइ वस्तुगत सहायता लिने।

घ) प्रदेश सरकारले प्रस्ताव गरेको आयोजना कार्यान्वयनका लागि विकास साझेदारसँग हुने वार्तामा प्रदेश सरकारको तर्फबाट प्रतिनिधि मनोनयन गरी वार्ताका लागि अख्तियारी दिने।

ङ) प्रदेशको मागबमोजिम वैदेशिक ऋणमार्फत परिचालन भएको सहायताको हकमा सहायक ऋण सम्झौता अनुरूप ऋणको साँवा ब्याज भुक्तानी गर्ने।

च) वैदेशिक सहायताका कार्यक्रम/आयोजना कार्यान्वयन गर्ने गराउने तथा सहजीकरण गर्ने।

छ) सम्बन्धित आयोजना सम्झौतामा उल्लेख भएका सर्तका अधीनमा रही खर्च तथा लेखाङ्कन गर्ने र खर्चको वित्तीय तथा भौतिक प्रगतिका विवरण, शोधभर्नाका लागि आवश्यक पर्ने विवरण, आर्थिक विवरण र अन्य विवरण निर्धारित समयभित्रै नियमित रूपमा सम्बन्धित आयोजना व्यवस्थापन कार्यालय र एकाइलाई उपलब्ध गराउने।

ज) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट प्रदेशअन्तर्गतका एकभन्दा बढी स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको समन्वय र अनुगमन गर्ने।

### ३.३.४ स्थानीय तहको भूमिका

क) आफ्नो स्थानीय तह अन्तर्गत वैदेशिक सहायता आवश्यक पर्ने सम्भावित आयोजनाहरू पहिचान गरी एकीकृत आयोजना सूची तयार गर्ने।

ख) स्थानीय तहमा परिचालन हुन सक्ने वैदेशिक सहायताबाट सम्भाव्य आयोजना अघि बढाउन नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालयमार्फत मन्त्रालयमा प्रस्ताव गर्ने।

ग) आफूले प्रस्ताव गरेको आयोजना कार्यान्वयनका लागि विकास साझेदारसँग हुने वार्तामा स्थानीय तहको तर्फबाट प्रतिनिधि मनोनयन गरी वार्ताका लागि अख्तियारी दिने।

घ) स्थानीय तहको मागबमोजिम वैदेशिक ऋणमार्फत परिचालन भएको सहायताको हकमा सहायक सम्झौताअनुरूप ऋणको साँवा ब्याज भुक्तानी गर्ने।

ङ) नेपाल सरकारका विषयगत मन्त्रालयको सिफारिसमा मन्त्रालयको सहमति लिइ वस्तुगत सहायता लिने।

च) वैदेशिक सहायताका कार्यक्रम/आयोजना कार्यान्वयन गर्ने, गराउने।

छ) सम्बन्धित आयोजना सम्झौतामा उल्लेख भएका सर्तका अधीनमा रही खर्च तथा लेखाङ्कन गर्ने र खर्चको वित्तीय तथा भौतिक प्रगतिका विवरण, शोधभर्नाका लागि आवश्यक पर्ने विवरण, आर्थिक विवरण र अन्य विवरणहरू निर्धारित समयभित्रै नियमित रूपमा सम्बन्धित आयोजना व्यवस्थापन कार्यालय र एकाइलाई उपलब्ध गराउने।

ज) अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूबाट स्थानीय तहमा सञ्चालित कार्यक्रमहरू आफ्नो वार्षिक कार्यक्रममा राख्ने र सोको समन्वय र अनुगमन सम्बन्धित जिल्ला समन्वय समितिले गर्ने।

### ३.३.५ विकास साझेदारको भूमिका

क) आआफ्नो तुलनात्मक विशेषज्ञता र विगतको संलग्नताका आधारमा आपसी सहमतिमा सहयोगका विषयगत क्षेत्रहरू विभाजन गरी सहायता प्रदान गर्ने।

ख) सबै प्रकारको वैदेशिक सहायता प्रवाह गर्दा मन्त्रालयको स्वीकृति लिनुपर्ने।

ग) आगामी तीनदेखि पाँच वर्षसम्म नेपाल सरकारलाई प्रदान गर्ने सम्भाव्य सहायता राशि र क्षेत्रको विवरण प्रत्येक आर्थिक वर्षको अन्त्यमा उपलब्ध गराउने।

घ) आफ्नो सहायतामा सञ्चालित आयोजनाको आवधिक विवरण र अनुमगन तथा मूल्याङ्कन प्रतिवेदन मन्त्रालय, सम्बद्ध विषयगत मन्त्रालय र प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने।

ङ) सबै प्रकारका वैदेशिक सहायतालाई राष्ट्रिय/क्षेत्रगत विकास ढाँचासँग आबद्ध हुने गरी र स्पष्ट नतिजा प्राप्त हुने गरी निःसर्त परिचालन गर्न प्राथमिकता दिने।

च) सहायताको खण्डीकरण रोकी सहायताको सञ्चालन खर्च घटाउन क्षेत्रगत सहायता अवधारणा कार्यान्वयनको विस्तारमा सघाउ पुऱ्याउने।

छ) नेपालको राष्ट्रिय प्रणाली र संगठनात्मक संरचनासँग आबद्ध भई सरकारी संस्थाको नेतृत्वमा स्थानीय क्षमता र स्वामित्वभाव अभिवृद्धि हुने गरी कार्यक्रम कार्यान्वयन गर्ने।

ज) यथासम्भव संयुक्त मिसन र संयुक्त विश्लेषणात्मक अध्ययनको कार्यलाई प्रभावकारी ढङ्गले अगाडि बढाउने।

झ) नेपाल सरकारलाई प्रदान गरेको जुनसुकै सहायताको सम्बन्धमा मन्त्रालयको वैदेशिक सहायता सूचना प्रणालीमा प्रतिवेदन गर्ने। टर्न कि आयोजनाको हकमा प्रत्येक आर्थिक वर्षको खर्चको विवरण र भुक्तानी विवरण आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र सूचना प्रणालीमा प्रविष्ट गर्ने।

### ३.३.६ समाज कल्याण परिषद्को भूमिका

क) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमार्फत हुने वैदेशिक सहायता नेपालको राष्ट्रिय नीति र कानूनअनुरूप परिचालन गर्न सहजीकरण गर्ने।

ख) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमार्फत सञ्चालन हुने कार्यक्रम जुन प्रदेश तथा स्थानीय तहमा सञ्चालन हुने हो सो प्रदेश तथा स्थानीय तहबाट सहमति तथा स्वीकृति प्राप्त नए नभएको सुनिश्चित गर्ने। कार्यक्रम अवधि समाप्त भएपछि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले पेस गर्ने प्रतिवेदन सम्बन्धित प्रदेश तथा स्थानीय तहमा समेत उपलब्ध गराउने।

ग) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमार्फत हुने वैदेशिक सहायता मन्त्रालयको सूचना प्रणालीमा अभिलेख भएको सुनिश्चित गर्ने।

घ) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमार्फत सञ्चालन हुने कार्यक्रम, वैदेशिक सहायताको प्रतिबद्धता र प्राप्तिको विवरण आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र मन्त्रालयलाई उपलब्ध गराउने।

ङ) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमार्फत सञ्चालन हुने कार्यक्रमको समाज कल्याण परिषद्ले गरेको अनुगमनको प्रतिवेदन र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले पेस गर्ने वार्षिक प्रगति तथा अनुगमन मूल्याङ्कनको प्रतिवेदन आफ्नो वेबसाइटमा सार्वजनिक गर्ने।

### ३.३.७ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको भूमिका

क) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले गर्ने सहायता नेपालको राष्ट्रिय नीति र कानूनअनुरूप राष्ट्रिय प्राथमिकताको क्षेत्रमा परिचालन गर्ने।

ख) सहायता परिचालन गर्दा स्थानीय जनशक्ति र स्रोतसाधनको उच्चतम उपयोग गर्ने।

ग) सहायता परिचालन गर्दा स्थानीय गैरसरकारी संस्थामार्फत प्रदेश तथा स्थानीय तहसँगको समन्वय, सहभागिता र सहकार्यमा समाजको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने।

घ) सहायता परिचालन गर्दा रोजगारी सिर्जना हुने कार्यक्रममा प्राथमिकता दिने।

ङ) सहयोग रकम प्रचलित कानूनबमोजिम वैध स्रोतबाट प्राप्त भएको र सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी कानून विपरित नभएको सुनिश्चित गर्ने।

च) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट हुने सहायता परिचालन पारदर्शी गर्ने। सबै सहायता परिचालन मन्त्रालयको सहायता परिचालनसम्बन्धी विद्युतीय सूचना प्रणालीमा प्रविष्ट र अद्यावधिक गर्ने।

छ) आफ्नो सहायतामा सञ्चालित आयोजनाको वार्षिक प्रगति तथा अनुगमन र मूल्याङ्कनको प्रतिवेदन एवं सुझाव समाज कल्याण परिषद्मा उपलब्ध गराउने।

## ३.४ जोखिम पहिचान र व्यवस्थापन

### ३.४.१ वैदेशिक सहायताका सम्भावित जोखिम

वैदेशिक सहायता परिचालन नीति कार्यान्वयनमा देहायबमोजिम जोखिम रहेका छन्।

क) विकास साझेदार मुलुक वा संस्थाको आन्तरिक नीति र वित्तीय अवस्थामा हुने परिवर्तन।

ख) विकास साझेदारको सहायता परिचालन रणनीतिमा हुने परिवर्तन।

ग) विकास साझेदार मुलुक र बहुपक्षीय संस्थाको सहायता दिने क्षमतामा हुने परिवर्तन।

घ) वैदेशिक सहायता परिचालन कमजोर हुँदा घट्न सक्ने सहुलियतपूर्ण सहायताको परिमाण।

ङ) ऋणमार्फत वैदेशिक सहायता परिचालन गर्दा नेपाल सरकारलाई बढ्न सक्ने थप दायित्व।

### ३.४.२ जोखिम न्यूनीकरण रणनीतिः

उपर्युक्त जोखिम न्यूनीकरणका लागि देहायका रणनीतिहरू लिइनेछ।

क) विकास साझेदार मुलुक/संस्थाको विविधीकरण गर्ने।

ख) उपलब्ध हुनसक्ने वैकल्पिक तथा नवीन वित्तीय उपकरणको उपयोग गर्ने।

ग) विकास साझेदारको सहायता रणनीति र राष्ट्रिय आवश्यकता बिचको सामञ्जस्यतामा जोड दिने।

घ) विकास सहायताका विभिन्न सर्त/स्वरूपमा पर्याप्त अध्ययन विश्लेषण गर्ने।

ङ) निजी क्षेत्रलाई सहजीकरण गरी निजी क्षेत्रमार्फत बाह्य पुँजी परिचालनमा जोड दिने।

च) वैदेशिक सहायता परिचालनमा देखा परेका अवरोध हटाउन निरन्तर समीक्षा गरी नीतिगत कार्यान्वयन क्षमतामा सुधार गर्ने।

## ३.५ अनुगमन तथा मूल्याङ्कन र नीति पुनरावलोकन

### ३.५.१ अनुगमन तथा मूल्याङ्कन

क) नेपाल सरकारका विषयगत मन्त्रालय र विकास साझेदारबिच क्षेत्रगत योजना, नीति र कार्यक्रमहरूको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र समन्वयका लागि संयुक्त समीक्षा बैठक बस्ने। सम्बद्ध विषयगत

मन्त्रालयहरूले यस्ता बैठकहरूको नेतृत्व गर्ने। समीक्षा बैठकमा गरिएका निर्णयको जानकारी मन्त्रालयमा पठाउने। निर्णयको एकीकृत अभिलेख मन्त्रालयले राख्ने।

ख) वैदेशिक सहायतासँग सम्बन्धित कार्यक्रम र आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी मुलतः सम्बन्धित विषयगत मन्त्रालयको हुने। आवश्यकतानुसार मन्त्रालयले समेत सोको अनुगमन तथा मूल्याङ्कन गर्न सक्ने। अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सम्बद्ध कार्यान्वयन निकाय र विकास साझेदारलाई पनि सहभागी गराउन सक्ने।

ग) सहायता परिचालनबाट प्राप्त नतिजाको संयुक्त समीक्षाबाट देखिएका निचोडलाई आत्मसात् गरी आगामी दिनमा नयाँ सहायता परिचालन गर्दा आवश्यक सुधार गर्दै जाने।

घ) प्रदेश सरकारले कार्यान्वयन गरेका वैदेशिक सहायता समावेश भएका विकास आयोजना तथा कार्यक्रमहरूको सम्बन्धमा समीक्षा गर्न प्रदेश स्तरमा सरकारी र गैरसरकारी संस्थाका प्रतिनिधि रहेको संयन्त्र निर्माण गरिने। सामान्यतयाः यस्तो समीक्षाको नेतृत्व र समन्वय प्रदेशको आर्थिक मामिला हेर्ने मन्त्रालयले गर्ने। यस्तो अनुगमन कार्य मन्त्रालयबाट समेत हुनसक्ने।

ङ) स्थानीय तहले कार्यान्वयन गरेका वैदेशिक सहायताका आयोजना तथा कार्यक्रमहरूको अनुगमन र समीक्षा जिल्ला समन्वय समितिले गर्ने।

च) वैदेशिक सहायतामा सञ्चालित आयोजना कार्यान्वयनका विषयमा प्रदेश र स्थानीय तहमा समाधान हुन नसकेका समस्याहरू बारे आवश्यक निर्देशनका लागि नेपाल सरकारका मन्त्रालयमा जानकारी गराउनु पर्ने। यसको लागि आवश्यक सामान्य मार्गदर्शन मन्त्रालयको वैदेशिक सहायता समन्वय गर्ने महाशाखाले गर्ने।

### ३.५.२ नीति पुनरावलोकन

प्रत्येक दुई वर्षमा नीति कार्यान्वयनको समीक्षा तथा पुनरावलोकन गरिने।

## ३.६ विविध

### ३.६.१ कर छुट तथा प्रवेशाज्ञासम्बन्धी व्यवस्था

क) सामान्यतः अनुदानको रूपमा प्राप्त हुने वैदेशिक सहायताको रकम कर तिर्ने प्रयोजनको लागि उपयोग नगर्ने।

ख) ऋण सहायताका आयोजनामा सामान्यतः कर छुटसम्बन्धी प्रावधान समावेश नगर्ने।

ग) स्वदेशमै पर्याप्त उत्पादन हुने सामाग्री पैठारीमा कर छुट नदिने।

घ) वस्तुगत सहायताको हकमा विषयगत मन्त्रालयको सिफारिसमा मन्त्रालयले प्रचलित कानूनको अधिनमा रही कर छुट सुविधा प्रदान गर्न सक्ने।

ङ) आय तथा मुनाफामा लाग्ने कर सम्बन्धमा प्रचलित करसम्बन्धी कानूनबमोजिम हुने।

च) वैदेशिक सहायता संलग्न भएको आयोजनामा काम गर्ने विदेशी कामदार, कर्मचारी र तिनका आश्रितलाई सम्झौतामा उल्लेख भएअनुसार प्रवेशाज्ञा, श्रम स्वीकृति र कार्य सहमति प्रचलित कानूनबमोजिम उपलब्ध गराउने।

छ) स्वयंसेवक प्रदायक संस्थासँग भएको सम्झौताबमोजिम स्वयंसेवकलाई तिनको परिचालन गर्ने निकायको सिफारिसमा प्रचलित कानूनबमोजिम प्रवेशाज्ञा, श्रम स्वीकृति र कार्यसहमति उपलब्ध गराउने।

### ३.६.२ सहायताको प्रभावकारी कार्यान्वयनमा नेपाल सरकारको प्रतिबद्धता

क) सहायता परिचालन गर्दा राष्ट्रिय आवश्यकता र प्राथमिकता; मानव अधिकारका विश्वव्यापी मान्यता; लोकतन्त्र; कानूनको शासन; हरित, उत्थानशील र समावेशी विकास; सुशासन; भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता; सहायताको पारदर्शिता र उत्तम नतिजालाई महत्त्व दिने।

ख) पूर्वाधार विकासमा प्रत्यक्ष सरोकार राख्ने नेपाल सरकारका निकाय वा सोसँग आबद्ध संस्थाहरूमा संस्थागत सुधार एवं क्षमता विकासका कार्यक्रमहरू लागु गर्ने।

ग) सहायता एवं विकास प्रभावकारिताका लागि अन्तर्राष्ट्रिय साझेदारी र उच्चस्तरमा गरिएका प्रतिबद्धताहरूको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा सहभागी हुने।

घ) सम्भाव्य वित्तीय जोखिम कम गर्न र खरिद प्रणालीसहित सार्वजनिक वित्त व्यवस्थापनमा सुधार गर्न उपयुक्त कार्यक्रमहरू लागु गर्ने।

ङ) राष्ट्रिय क्षमता अभिवृद्धि गरी आयोजनाको सञ्चालन खर्च घटाउने र दिगोपना कायम गर्ने।

च) विकास साझेदारहरूसँगको सहकार्यमा सहायता कार्यान्वयनलाई प्रभावकारी बनाउने।

छ) सार्वजनिक खर्च र वित्तीय जवाफदेहिता मूल्याङ्कनका सुझावहरू कार्यान्वयन गर्ने।

ज) सार्वजनिक सेवा प्रवाहको प्रक्रियालाई सरलीकरण गर्ने र खर्चको गुणस्तरमा सुधार ल्याउने।

झ) पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न वैदेशिक सहायतासम्बन्धी उपलब्ध सूचना सार्वजनिक गर्ने।

### ३.६.३ अन्य व्यवस्था

क) सामाजिक समावेशीकरण, सीमान्तकृत समुदायको जीवनस्तर वृद्धि, लैङ्गिक समानता, आर्थिक तथा सामाजिक दृष्टिकोणबाट पछाडि परेका क्षेत्र र समुदायको विकास जस्ता अन्तरसम्बन्धित विषयहरू वैदेशिक सहायतामा सञ्चालन हुने सबै आयोजना तथा कार्यक्रमका अभिन्न अङ्ग हुने।

ख) वैदेशिक सहायता परिचालन हुने आयोजनाको विकास गर्दा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई मध्यनजर राख्दै यथासम्भव सोलाई टेवा दिने प्रकृतिका क्रियाकलापहरू समावेश गर्ने व्यवस्था मिलाउने।

ग) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नेपालको राष्ट्रियता, राष्ट्रिय अखण्डता, सार्वभौमिकता, धार्मिक, जातीय र सामाजिक सद्भावमा खलल पुऱ्याउने र राष्ट्रिय सुरक्षामा प्रतिकुल असर पर्ने गरी कुनै किसिमको वैदेशिक सहायता प्राप्त नगर्ने।

## ३.७ खारेजी र बचाउ

३.७.१ अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ खारेज गरिएको छ।

३.७.२ अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ बमोजिम भए गरेका सम्पूर्ण कार्यहरू यसै नीतिअन्तर्गत भए गरेको मानिनेछ।

३.७.३ यो नीतिको व्याख्या तथा कार्यान्वयनका क्रममा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूची १ : परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नीतिमा

क) "अनुदान" भन्नाले फिर्ता गर्नु नपर्ने गरी सरकारलाई भविष्यमा कुनै पनि वित्तीय दायित्व नपर्ने गरी प्राप्त हुने वैदेशिक सहायता सम्झनु पर्दछ।

ख) "अन्तर्राष्ट्रिय गैरसरकारी संस्था" भन्नाले समाज कल्याण ऐन, २०४९ को दफा १२ बमोजिम नेपालभित्र काम गर्न अनुमति प्राप्त वा अनुमति प्राप्त गर्न चाहने विदेशी सङ्घ संस्थालाई सम्झनु पर्दछ।

ग) "अन्तर्राष्ट्रिय परामर्श सेवा" भन्नाले विदेशी संस्था वा व्यक्तिबाट प्राप्त हुने परामर्श सेवा सम्झनु पर्दछ।

घ) "अन्य ऋण" भन्नाले सहुलियतपूर्ण ऋण बाहेकका निर्यात-आयात बैंक तथा यस्तै अन्य निकायबाट आयोजनाका लागि प्राप्त हुने ऋण सम्झनु पर्दछ।

ङ) "आयोजना सहायता" भन्नाले सरकारलाई पूर्वनिर्धारित उद्देश्य, बजेट एवं प्रतिफल प्राप्त गर्नका लागि छुट्टै आयोजना सञ्चालन गर्न प्राप्त हुने सहायता सम्झनु पर्दछ।

च) "कार्यक्रममा आधारित सहायता" भन्नाले सरकारको कार्यक्रम र बजेटको खाकालाई सहयोग गर्ने, सरकारको कार्यान्वयन निकायको नेतृत्वमा कार्यान्वयन हुने, औपचारिक एवं साझा संयन्त्रमार्फत विकास साझेदारहरू बिचको समन्वय, प्रतिवेदन, बजेट, वित्त व्यवस्थापन तथा खरिदका प्रक्रियाहरूमा सामञ्जस्य कायम गर्ने गरी प्राप्त हुने सहायता सम्झनु पर्दछ।

छ) "क्षेत्रगत सहायता अवधारणा" भन्नाले कुनै विषयगत क्षेत्रको समग्र नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने उद्देश्यले संयुक्त वित्तीय सम्झौता, साझा कार्ययोजना र संयुक्त आचारसंहिताअन्तर्गत सञ्चालन गरिने नतिजा तथा कार्यक्रममा आधारित वैदेशिक सहायता सम्झनु पर्दछ।

ज) "जलवायु कोष" भन्नाले संयुक्त राष्ट्रसङ्घीय जलवायु प्रारूप महासन्धिअन्तर्गत स्थापित जलवायु कोषका अतिरिक्त जलवायु परिवर्तनसँग सम्बन्धित द्विपक्षीय तथा बहुपक्षीय जलवायु कोषहरू समेतलाई सम्झनु पर्दछ।

झ) "जलवायु वित्त" भन्नाले नियमित रूपमा परिचालन हुँदै आएको द्विपक्षीय तथा बहुपक्षीय सहायताबाहेक कार्बन उत्सर्जन न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन तथा नोक्सानीबापतको क्षतिपूर्ति स्वरूप प्राप्त हुने सहायता रकमका अतिरिक्त कार्बन व्यापारबाट प्राप्त हुने रकम समेतलाई सम्झनु पर्दछ।

ञ) "टर्न कि" भन्नाले द्विपक्षीय सम्झौताबमोजिम विकास साझेदार प्रत्यक्ष रूपमा कार्यान्वयनमा संलग्न भई निर्माण सम्पन्न गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने आयोजना कार्यान्वयन विधि सम्झनु पर्दछ।

ट) "पेरिस घोषणापत्र" भन्नाले सन् २००५ मा फ्रान्सको पेरिसमा सम्पन्न सहायता प्रभावकारितासम्बन्धी उच्चस्तरीय सम्मेलनमा वैदेशिक सहायतालाई प्रभावकारी बनाउन स्वामित्व, आबद्धता, सामञ्जस्य, नतिजामूलक व्यवस्थापन र पारस्पारिक जवाफदेहिता समेतका सिद्धान्तमा आधारित असल अभ्यासहरूको पहिचान गर्दै तिनको अवलम्बन गर्नका लागि सबै सहभागी विकास साझेदार, प्रापक राष्ट्र तथा संस्थाहरूले संयुक्त रूपमा जारी गरेको प्रतिबद्धतासहितको घोषणापत्र सम्झनु पर्दछ।

ठ) "प्राविधिक सहायता" भन्नाले विकास साझेदारले व्यक्तिगत, संस्थागत र सामाजिक तहमा सिप, ज्ञान, सचेतना, नवीनता, उद्यमशीलता, नीति, कानून, प्रणाली, कार्यविधि, प्रविधि जस्ता क्षेत्रमा अध्ययन, तालिम,

परामर्श, उपकरण र लजिष्टिक सहायताका रूपमा मूलतः राष्ट्रिय क्षमता न्यूनता पूर्ति गर्न सघाउ पुऱ्याउने उद्देश्यले उपलब्ध गराउने वित्तीय, वस्तुगत, सेवाजन्य वा मिश्रित सहायता सम्झनु पर्दछ।

ड) "बजेट सहायता" भन्नाले कुनै क्षेत्रको संस्थागत सुधारसँग आबद्ध भई वा नभई विकासका प्राथमिकता तथा कार्यक्रमहरूमा रकम विनियोजन गर्न सहयोग पुग्ने गरी सञ्चित कोषमा प्राप्त हुने सहायता सम्झनु पर्दछ।

ढ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, अर्थ मन्त्रालय सम्झनु पर्दछ।

ण) "मानवीय सहायता" भन्नाले प्राकृतिक वा स्वास्थ्यसम्बन्धी प्रकोप वा सङ्कट वा विपद्का समयमा वा सोपश्चात् द्विपक्षीय राष्ट्र वा बहुपक्षीय संस्था वा अन्य विदेशी सङ्घ संस्थाले मानवीयताका आधारमा अनुदानमा उपलब्ध गराउने वस्तु वा सेवा वा आर्थिक सहायता सम्झनु पर्दछ।

त) "वस्तुगत सहायता" भन्नाले टर्न कि बाहेक सहायताको रूपमा वस्तु नै प्राप्त हुने सहायतालाई सम्झनु पर्दछ।

थ) "विकास साझेदार" भन्नाले विभिन्न क्षेत्रको विकास तथा निर्माणका लागि वित्तीय, प्राविधिक एवं वस्तुगत सहायता प्रदान गर्ने द्विपक्षीय राष्ट्र, बहुपक्षीय संस्था वा अन्य विश्वव्यापी कोष सम्झनु पर्दछ।

द) "विषयगत मन्त्रालय" भन्नाले नेपाल सरकारका विषयगत मन्त्रालय सम्झनु पर्दछ।

ध) "वैदेशिक सहायता" भन्नाले विभिन्न क्षेत्रको विकास तथा निर्माणका लागि द्विपक्षीय राष्ट्र, बहुपक्षीय, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संस्था, परोपकारी संस्था र अन्य विश्वव्यापी कोषबाट सरकारलाई प्राप्त हुने वित्तीय, प्राविधिक एवं वस्तुगत सहायता सम्झनु पर्दछ।

न) "सम्मिश्रित वित्तीय व्यवस्था" भन्नाले परम्परागत वैदेशिक सहायताका अतिरिक्त व्यावसायिक सम्भाव्यता भएका निजी क्षेत्र, सहकारी क्षेत्र, दानदातव्य कोष लगायतका अन्य वित्तीय स्रोतहरू समेतलाई रणनीतिक रूपमा विकास कार्यमा परिचालन गर्ने उद्देश्यले गरिने वित्तीय व्यवस्था सम्झनु पर्दछ।

प) "सहुलियतपूर्ण ऋण" भन्नाले अन्तर्राष्ट्रिय बजारबाट परिचालन गर्दा वहन गर्नुपर्ने ऋणको लागत र सर्तभन्दा अनुकुल लागत र सर्तमा प्राप्त हुने ऋण सम्झनु पर्दछ।

फ) "स्वयंसेवक" भन्नाले नेपाल सरकारसँग हुने खाका सम्झौताको प्रावधानअन्तर्गत नेपाल सरकारबाट कुनै पारिश्रमिक नलिने गरी नेपालमा आई सेवा प्रदान गर्ने निश्चित शैक्षिक योग्यता, विशेषज्ञता र अनुभव भएका विदेशी नागरिक सम्झनु पर्दछ।

## अनुसूची २ : नीति कार्यान्वयन कार्ययोजना

| क्र.स. | रणनीति | कार्यनीति | कार्यान्वयन गर्ने निकाय | अपेक्षित उपलब्धि | समयावधि |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय प्रणालीसँग तादात्म्य कायम गरी राष्ट्रिय वैदेशिक सहायता परिचालन गर्ने। | क) आवधिक विकास योजनाले पहिचान गरेका विषयगत एवं क्षेत्रगत नीति कार्यान्वयन गर्ने।<br>ख) सङ्घ, प्रदेश तथा स्थानीय तहका विषय-क्षेत्रगत नीति, वार्षिक नीति तथा कार्यक्रम र बजेटमार्फत घोषणा भएका कार्यक्रम कार्यान्वयन गर्ने।<br>ग) सरकारले अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेका प्रतिबद्धता पूरा गर्न तय गरिएका कार्यक्रम कार्यान्वय गर्ने।<br>घ) विकास साझेदारका साझेदारी खाका/रणनीतिसँग राष्ट्रिय आवश्यकताबिच तादात्म्य हुने गरी वैदेशिक सहायता परिचालन गर्न प्राथमिकता दिने।<br>ङ) सार्वजनिक खरिद, लेखाङ्कन, प्रतिवेदन, लेखा परीक्षण, सामाजिक तथा लैङ्गिक मुद्दा एवं वातावरणीय प्रभाव न्यूनीकरणका मुद्दाहरू सम्बोधन गर्दा राष्ट्रिय कानून र प्रणालीसँग सामञ्जस्य हुने गरी सहायता परिचालन गर्ने। | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | राष्ट्रिय बजेट प्रणालीबाट परिचालन हुने सहायताको अंश बढ्दै जाने। | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | च) सहायतालाई सङ्घ, प्रदेश र स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी सरकारी कोषमार्फत परिचालन गर्न प्राथमिकता दिने।<br>छ) वैदेशिक सहायतामा सञ्चालित आयोजना तथा कार्यक्रम सरकारको विद्यमान संरचना र जनशक्तिबाटै कार्यान्वयन गर्न जोड दिने।<br>ज) विपद् व्यवस्थापन, वातावरण संरक्षण र जलवायु परिवर्तनका असरलाई अनुकूलन र न्यूनीकरण गर्न बनाइएका योजना तथा खाका कार्यान्वयन गर्न सहायता प्राप्त गर्ने।<br>झ) वैदेशिक सहायतामार्फत आन्तरिक स्रोत परिचालन क्षमता अभिवृद्धि गर्न उपयुक्त देखिएको क्षेत्र तथा कार्यक्रममा सहायता परिचालन गर्ने।<br>ञ) व्यापारसम्बन्धी पूर्वाधार विकास, व्यापार सहजीकरण, व्यापार क्षमतामा अभिवृद्धि र निकासीसम्बन्धी उद्योगको विकास गर्न व्यापारका लागि सहायतामार्फत प्राप्त हुने वैदेशिक सहायता परिचालन गर्ने। | | | |
| २ | राष्ट्रिय क्षमता तथा विशेषज्ञताको कमी पूरा गर्न छनौटपूर्व प्राविधिक सहायता उपयोग गर्ने। | **क) प्राविधिक सहायता परिचालन**<br>१. नेपाल सरकारले सर्तरहित प्राविधिक सहायतालाई प्राथमिकता दिने।<br>२. आयोजनासम्बद्ध प्राविधिक सहायताबाहेक अन्यको हकमा ऋण उपयोग नगर्ने। | नेपाल सरकार, विकास साझेदार | राष्ट्रिय प्रणालीभन्दा बाहिरबाट परिचालन हुने विकास सहायताको अंश घट्दै जाने। | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ३. प्राविधिक सहायता प्राप्त गर्नुपूर्व मन्त्रालयको सहमति लिनुपर्ने।<br>४. राष्ट्रिय आवश्यकता र लाभका आधारमा अन्तर्राष्ट्रिय र क्षेत्रीय स्वरूपका प्राविधिक सहायता प्राप्त गर्न सक्ने।<br>५. क्षेत्रीय प्राविधिक सहायता प्राप्त गर्दा राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय विकासका मुद्दा एवं चासोका पक्षसँग सम्बन्धित विषयमा नेपालको संलग्नता तथा लाभ सुनिश्चित गर्ने।<br>६. विकास साझेदारहरूले सबै प्राविधिक सहायताको विवरण सहायता सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्ने।<br>७. प्राविधिक सहायता कार्यान्वयनको आवधिक समीक्षा तथा मूल्याङ्कन नेपाल सरकार र विकास साझेदारले संयुक्त रूपमा गर्ने।<br>**ख) आयोजना तयारी सहायता**<br>१. आयोजना तयारीको लागि सामान्यतयाः अनुदान सहायतामा जोड दिने।<br>२. उच्च प्रतिफलयुक्त एवं आय आर्जन हुने आयोजनाको हकमा प्राविधिक जटिलता तथा स्रोतको उपलब्धताको आधारमा सहुलियतपूर्ण ऋण परिचालन गर्न सक्ने।<br>३. परिचालन भएको ऋण सहायताको रकम आयोजना लागतमा समावेश गर्ने। | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **ग) आयोजनागत प्राविधिक सहायता**<br>१. राष्ट्रिय प्राथमिकताका आयोजना कार्यान्वयन चरणमा आवश्यक विशेषज्ञताको कमी पूरा गर्न आयोजनागत प्राविधिक सहायता प्राप्त गर्न सक्ने।<br>२. आयोजनामा प्राविधिक सहायता परिचालन गर्दा कार्यान्वयन निकायको संस्थागत क्षमता विकास गर्ने तथा सिकाइ एवं प्रविधि हस्तान्तरण गर्ने गरी बहिर्गमन र दिगोपना सुनिश्चित गर्ने।<br>**घ) परामर्शदाता परिचालन**<br>१. उपलब्ध र सम्भव भएसम्म नेपाली नागरिक वा संस्थालाई प्राथमिकता दिने गरी प्रविधि तथा ज्ञानको हस्तान्तरण गर्ने र राष्ट्रिय स्तरमा उपलब्ध नभएको विज्ञताका लागि मात्र अन्तर्राष्ट्रिय परामर्शदाता परिचालन गर्ने।<br>२. परामर्श सेवाको लागि आयोजना दस्तावेजमा स्पष्ट सीमा, सर्त र कार्यविवरण संलग्न हुनु पर्ने।<br>३. नेपाल सरकारको पूर्वस्वीकृतिविना पूर्वाधार आयोजनाको कुल लागतको ५ प्रतिशतभन्दा बढी रकम परामर्श सेवामा खर्च नगर्ने।<br>४. प्रदेश र स्थानीय तहले विदेशी परार्शदाता परिचालन गर्न सम्बन्धित विषयगत मन्त्रालयमार्फत अनुरोध | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गरेमा आवश्यकता र औचित्यको आधारमा मन्त्रालयले सहमति दिन सक्ने।<br>**ङ) स्वयंसेवक परिचालन**<br>१. द्विपक्षीय विकास साझेदारका स्वयंसेवी संस्थाहरूबाट प्राविधिक सहायताको रूपमा स्वयंसेवक परिचालन गर्न सक्ने।<br>२. स्वयंसेवकहरूलाई प्राविधिक विशेषज्ञता र विकास आयोजना वा कार्यक्रमको आवश्यकतानुसार सङ्घ, प्रदेश र स्थानीय तहमा परिचालन गर्न सक्ने।<br>३. विषयगत मन्त्रालय र विकास साझेदारले खाका सम्झौताबमोजिम स्वयंसेवक परिचालन गर्दा मन्त्रालयको स्वीकृति लिनु पर्ने।<br>४. दिगो रूपमा उपयोग हुने गरी प्रविधि, ज्ञान र सिप हस्तान्तरणको निम्ति स्वयंसेवकलाई स्थानीय संस्था, निकाय वा समुदायसँग आबद्ध गराइने।<br>५. स्वयंसेवकले नेपालको सभ्यता, संस्कृति र सामाजिक सद्भाव अनुकुल हुने गरी नेपाली नागरिकको धार्मिक आस्था र विश्वासको उचित सम्मान गर्नु पर्ने।<br>६. स्वयंसेवक सेवाको अनुगमन परिचालन गर्ने निकायले गर्ने। | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ७. स्वयंसेवक उपलब्ध गराउने विकास साझेदारले कार्य सहमतिको लागि अनुरोध गर्नुपूर्व मन्त्रालयमा रहेको सूचना प्रणालीमा विवरण प्रविष्ट गर्नु पर्ने।<br>८. स्वयंसेवक प्रदायक संस्थाले स्वयंसेवक परिचालनसम्बन्धी प्रतिवेदन वार्षिक रूपमा सम्बन्धित मन्त्रालय र मन्त्रालयमा पठाउने। | | | |
| ३ | राष्ट्रिय आवश्यकता र प्राथमिकताका आधारमा वस्तुगत सहायता उपयोग गर्ने। | क) मन्त्रालयको पूर्वसहमतिमा विषयगत मन्त्रालयले र प्रदेश तथा स्थानीय तहले वस्तुगत सहायता प्राप्त गर्न सक्ने ।<br>ख) प्रचलित कानूनले पैठारी गर्न रोक लगाएका वस्तु सहायताका रूपमा प्राप्त नगर्ने।<br>ग) वस्तुगत सहायताका रूपमा विद्युतीय सफ्टवेयर प्राप्त गर्दा सोको सोर्स कोड, वार्षिक नवीकरण तथा मर्मत तथा सुरक्षा शुल्कलगायतका नेपाल सरकारलाई दायित्व सिर्जना हुने विषयको विश्लेषण गर्ने। | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार | वस्तुगत सहायता प्राप्त गर्ने प्रणाली व्यवस्थित हुने। | निरन्तर |
| ४ | जलवायु न्यायको मान्यताका आधारमा नेपाललाई लाभ हुने गरी उपलब्ध जलवायु वित्तको अधिकतम परिचालन गर्ने। | क) जलवायु परिवर्तनबाट अत्याधिक प्रभावित्त क्षेत्र (Sector) तथा भुगोल (Geography) लाई जलवायु वित्त परिचालनमा प्राथमिकता दिने।<br>ख) जलवायु वित्त परिचालनमा ऋणलाई भन्दा अनुदानलाई र जलवायु अनुकूलनको क्षेत्रलाई प्राथमिकता दिने। | नेपाल सरकार, विकास साझेदार, जलवायु वित्तसम्बन्धी अन्तर्राष्ट्रिय कोषहरू। | जलवायु वित्त कोषबाट प्राप्त हुने सहायताको परिमाणमा बढोत्तरी हुने।<br>राष्ट्रिय प्रणालीमार्फत | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ग) जलवायु वित्त राष्ट्रिय प्रणालीबाट परिचालन गर्न प्राथमिकता दिने।<br>घ) राष्ट्रिय निर्धारित योगदान (NDC) तथा राष्ट्रिय अनुकूलन योजना (NAP) को लागि स्रोतको आवश्यकता पूरा गर्ने गरी कार्बन उत्सर्जक विकसित देशले प्रतिबद्धता गर्ने जलवायु वित्तको रकममा वृद्धि गर्न अन्तर्राष्ट्रियस्तरमा प्रयास गर्ने।<br>ङ) जलवायु वित्तको परिचालनमा जवाफदेहिता तथा पारदर्शिता अभिवृद्धिलगायत जलवायु कोषहरूमा पहुँच बढाउन कोषहरूको प्रक्रिया सरलीकरणमा पैरवी गर्ने।<br>च) जलवायुसम्बन्धी आयोजना तयार गर्न, जलवायु कोषमा पहुँच अभिवृद्धि गर्न तथा कोषबाट प्राप्त रकमको प्रभावकारी उपयोगको लागि जलवायु वित्तको परिचालन गर्ने निकायहरूको क्षमता अभिवृद्धि गर्ने।<br>छ) जलवायु वित्त परिचालनको लागि नेपाल सरकारले गर्नुपर्ने सह-वित्तियकरण जस्ता सर्तहरू कम गर्ने।<br>ज) हानि नोक्सानी कोषको प्रभावकारी कार्यान्वयनका लागि अन्तर्राष्ट्रियस्तरमा पैरवी गर्ने।<br>झ) कार्बन व्यापारमा नेपाललाई अधिकतम लाभ हुने गरी अन्तर्राष्ट्रिय रूपमा प्रचलित नवीनतम पद्धतिहरूको अवलम्बन गर्ने। | | जलवायु कोष परिचालन हुने वैदेशिक सहायताको हिस्सा बढ्ने। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ञ) जलवायु वित्त परिचालनका नवीनतम उपकरणको उपयोग गर्ने।<br>ट) जलवायु वित्त परिचालनका लागि आयोजना बैंक तयार गरी प्राथमिकताको आधारमा उपलब्ध स्रोतको परिचालन गर्ने।<br>ठ) जलवायु परिवर्तन अनुकूलनका आयोजना विकास गर्दा कृषि, खानेपानी, सिँचाइ, वनलगायतका एकीकृत र कार्यक्रमगत विधिबाट विकास गर्न जोड दिने।<br>ड) गैरसरकारी र निजी क्षेत्रबाट गरिने जलवायु वित्त परिचालनलाई नियमित तथा व्यवस्थित गर्ने। | | | |
| ५ | विपद् तथा मानवीय सहायतालाई लक्षित क्षेत्रमा शीघ्र परिचालन गर्ने। | क) विपद् व्यवस्थापन र सो प्रयोजनका लागि मानवीय सहायता वा राहत तथा उद्धार, खाद्यान्न, औषधिजन्य लगायतका सामाग्रीहरू प्राप्त गर्न सकिने।<br>ख) विपद्का समयमा प्राप्त हुने मानवीय सहायतालाई लक्षित क्षेत्रमा शीघ्र परिचालन गर्ने।<br>ग) विपद् तथा मानवीय सहायता तत्कालीन आवश्यकता र क्षमता हेरी सङ्घ, प्रदेश र स्थानीय तहमा रहने संयन्त्रमार्फत वितरण गर्ने व्यवस्था मिलाउने।<br>घ) विपद्का समयमा मानवीय सहायता परिचालन गर्दा अन्तर्राष्ट्रिय असल अभ्यासहरूप्रति प्रतिबद्ध रहने।<br>ङ) विपद्को समयमा मानवीय सहायता वितरण गर्दा राष्ट्रिय क्षमता अभिवृद्धि हुने गरी सङ्कटको रोकथाम, | नेपाल सरकार,<br>प्रदेश सरकार,<br>स्थानीय तह,<br>विकास साझेदार | विपद् र मानवीय सहायता परिचालन थप व्यवस्थित हुने। | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | न्यूनीकरण र सम्बोधन गर्नका लागि तयारी, सम्बोधन, राहत, पुनर्निर्माण र पुनर्स्थापना जस्ता चरणहरूमा सरकारसँग समन्वय गर्नु पर्ने।<br>च) विपद् मानवीय सहायता वितरण गर्दा मानवीय संवेदनाको आधारमा नेपालको सभ्यता, संस्कृति, सामाजिक सद्भाव, व्यक्तिको धार्मिक आस्था र विश्वासको उचित सम्मान गर्नु पर्ने। | | | |
| ६ | अन्तर्राष्ट्रियस्तरमा स्थापना भएका कोषको पहुँचमा वृद्धि गरी वैदेशिक सहायता परिचालन गर्ने। | क) शिक्षा, स्वास्थ्य, जलवायु परिवर्तन, विपद् व्यवस्थापन जस्ता क्षेत्रहरूमा अन्तर्राष्ट्रियस्तरमा स्थापना गरिएका कोषहरूबाट अनुदान परिचालनमा जोड दिने। अनुदान उपलब्ध नभएको अवस्थामा आवश्यकतानुसार सहुलियतपूर्ण ऋण परिचालन गर्न सक्ने।<br>ख) अन्तर्राष्ट्रिय कोषबाट प्रतिस्पर्धा गरी वैदेशिक सहायता परिचालन गर्दा त्यस्ता कोषको सबै राष्ट्रलाई लागु हुने प्रावधानअन्तर्गत रही राष्ट्रिय प्राथमिकताका आधारमा परिचालन गर्ने।<br>ग) अन्तर्राष्ट्रियस्तरमा स्थापना भएका कोषबाट नेपाललाई उपलब्ध हुने सहायता लिन मन्त्रालयको पूर्व सहमति लिनु पर्ने। त्यस्तो सहमति विषयगत मन्त्रालयको सिफारिसमा प्रदान गर्ने। | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार, अन्तर्राष्ट्रियस्तरमा स्थापना भएका कोष। | अन्तर्राष्ट्रियस्तरमा स्थापना भएका कोषबाट वैदेशिक सहायताको आकार र गुणस्तर अभिवृद्धि हुने। | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | घ) अन्तर्राष्ट्रिय कोषमा परियोजना प्रस्ताव गर्दा मुलुकलाई छुट्याइएको रकमको सीमाभित्र नपरेको र सरकारको दायित्व सिर्जना नहुने यकिन गर्नु पर्ने।<br>ङ) अन्तर्राष्ट्रिय कोषमा पहुँच प्राप्त गर्ने गैरसरकारी संस्थाले मन्त्रालय र विषयगत मन्त्रालयको समन्वयमा आयोजना दस्तावेज तयार गर्ने।<br>च) अन्तर्राष्ट्रिय कोषबाट प्राप्त सहायता परिचालन गर्न मन्त्रालयले सहायता परिचालनसम्बन्धी मापदण्ड र प्रक्रियाको आधारमा सहमति दिने।<br>छ) अन्तर्राष्ट्रिय कोषमा पहुँच प्राप्त गरी परिचालन गर्ने रकमको सम्बन्धमा समाज कल्याण परिषद्मा अलग सम्झौता गर्न नपर्ने। त्यस्तो आयोजनाको अनुगमन तथा मूल्याङ्कन नेपाल सरकारबाट स्वीकृत वित्तीय सम्झौतामा उल्लेख भएबमोजिम हुने। | | | |
| ७ | गैरसरकारी संस्थामार्फत परिचालन हुने सहायतालाई जवाफदेहीपूर्ण तथा पारदर्शी रूपमा उपयोग गर्ने। | क) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत वैदेशिक सहायता परिचालन गर्दा राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा गर्ने।<br>ख) विकास साझेदारले नेपाल सरकारका लागि उपलब्ध गराउने भनी छुट्याइएको सहायता रकमबाहेक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आफ्नै पहलमा अन्तर्राष्ट्रियस्तरमा सहायता रकम सङ्कलन गरी | नेपाल सरकार,<br>प्रदेश सरकार,<br>स्थानीय तह,<br>समाज कल्याण परिषद्,<br>विकास साझेदार। | गैरसरकारी संस्थामार्फत परिचालन हुने सहायताको पारदर्शिता र प्रभावकारिता अभिवृद्धि हुने। | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आयोजना प्रस्ताव गर्दा समाजकल्याण परिषद्मार्फत गर्नुपर्ने।<br>ग) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आयोजनाको प्रस्ताव गर्दा आयोजना कार्यान्वयन गर्ने स्थानीय तहको पूर्वसहमति अनिवार्य पेस गर्नु पर्ने। यस्तो सहायताको विवरण मन्त्रालयमा रहेको सहायता व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्ने।<br>घ) अन्तराष्ट्रिय गैरसरकारी संस्थाले स्थानीय गैरसरकारी संस्थासँग कार्यान्वयन सम्झौता गरेमा सोको विवरण समाज कल्याण परिषद्मा पेस गर्ने। प्राप्त विवरणको आधारमा समाज कल्याण परिषद्ले कार्यान्वयन प्रक्रियामा सहजीकरण गर्ने।<br>ङ) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आयोजना छनौट गर्दा सम्बन्धित सङ्घ, प्रदेश तथा स्थानीय तहको नेतृत्वमा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्बन गर्नु पर्ने।<br>च) राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आफ्नै पहलमा अन्तर्राष्ट्रियस्तरमा सहायता रकम सङ्कलन गरी आयोजना कार्यान्वयन गर्दा जुन स्थानीय तहमा आयोजना कार्यान्वयनको लागि पूर्व सहमति लिएको | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | हो सोही स्थानीय तहको समन्वयमा आयोजना कार्यान्वयन गर्ने।<br>छ) धार्मिक एवं राजनीतिक संस्था तथा राष्ट्रिय संवेदनशीलताका क्षेत्रहरूमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा राष्ट्रिय गैरसरकारी संस्थामार्फत सहायता परिचालन गर्न नपाइने।<br>ज) भौगोलिक र कार्यक्षेत्रगत दोहोरोपना हटाउन अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सञ्चालन गर्ने आयोजनाको निश्चित विषयगत क्षेत्र र आयोजना सञ्चालन हुने भौगोलिक क्षेत्र तोक्न सकिने। नियामक निकायले यस्ता संस्थाहरूले सञ्चालन गरेको आयोजनाहरूको विद्युतीय नक्साङ्कन गर्न सक्ने।<br>झ) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सञ्चालन गरेका आयोजनामा प्रशासनिक खर्च कुल लागतको बढीमा २० प्रतिशतसम्म हुने।<br>ञ) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले नेपालमा परिचालन गरेको वैदेशिक सहायताको आयव्यय तथा क्रियाकलापको विवरण वार्षिक रूपमा सार्वजनिक गर्नु पर्ने। | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ट) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले कार्यक्रम सञ्चालन गरेको स्थानीय तहमा वर्षको एक पटक तेस्रो पक्षद्वारा त्यस्ता कार्यक्रमहरूको परीक्षणका साथै सार्वजनिक सुनुवाइ तथा सामाजिक लेखापरीक्षणसमेत गराउनु पर्ने।<br>ठ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले वैदेशिक सहायता परिचालनको आयोजनागत विवरण मन्त्रालयमा रहेको सहायता सूचना व्यवस्थापन प्रणालीमा दोहोरो नपर्ने गरी प्रविष्ट गर्नु पर्ने। अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत कार्यान्वयन गरेको अनुदान सहायताको विवरण सूचना प्रणालीमा प्रविष्ट गर्ने जिम्मेवारी सम्बन्धित दातृ पक्षको हुने।<br>ड) नेपाल सरकार र विकास साझेदारबिच भएको वित्तीय सम्झौतामा आयोजना कार्यान्वयन साझेदारको रूपमा कुनै अन्तर्राष्ट्रिय गैरसरकारी संस्था रहने प्रावधान भएमा उक्त सम्झौताअनुसार आयोजना कार्यान्वयनको लागि समाजकल्याण परिषद्मा थप सम्झौता गर्न नपर्ने र त्यस्तो आयोजनाको अनुगमन तथा मूल्याङ्कन वित्तीय सम्झौतामा उल्लेख भएबमोजिम हुने।<br>ढ) विकास साझेदारले यस्ता कार्यान्वयन साझेदार छनौट गरेको १५ दिनभित्र सोको विवरण मन्त्रालय र | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सम्बन्धित परियोजना कार्यान्वयन गर्ने मन्त्रालय र समाज कल्याण परिषद्लाई उपलब्ध गराउने। | | | |
| ८ | वैदेशिक सहायताको नतिजाप्रति सहायता प्राप्त गर्ने पक्ष र विकास साझेदारको संयुक्त जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गर्ने। | क) आयोजना पहिचान चरणदेखि नै कार्यान्वयन गर्ने निकायलाई सक्रिय सहभागी गराइ स्वामित्व अभिवृद्धि गर्ने।<br>ख) विकास साझेदार तथा सहायता प्राप्त गर्ने पक्षले सहायताको शीघ्र कार्यान्वयनका लागि प्रकियागत सरलीकरणमा जोड दिने।<br>ग) वैदेशिक सहायतामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित रूपमा अनुगमन र आवधिक मूल्याङ्कन गर्ने।<br>घ) वैदेशिक सहायतामा सञ्चालित आयोजना तथा कार्यक्रमको संयुक्त रूपमा प्रगति समीक्षा गरी देखिएका समस्याको निराकरण गर्ने। | नेपाल सरकार, विकास साझेदार। | विकास परिचालन प्राप्तीको प्रतिबद्धता अनुपात बढ्ने।<br>विकास सहायताको उपयोग क्षमता वृद्धि हुने। | निरन्तर |
| ९ | वैदेशिक सहायता परिचालनमा सङ्घ, प्रदेश र स्थानीय तहको स्वामित्व र समन्वय सुदृढ गर्ने। | क) **अन्तरतहको स्वामित्व र समन्वय सुदृढीकरण**<br>१. अनुदान सहायता, नेपाल सरकारको दायित्वअन्तर्गतको ऋण सहायता र प्राविधिक सहायताका हकमा मन्त्रालयले वित्तीय सम्झौता गरी कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहमा पठाउने।<br>२. प्रदेश र स्थानीय तहको अनुरोधमा परिचालन हुने ऋण सहायताको सम्झौता गर्दा नेपाल सरकारले सम्बन्धित तहसँग सहायक ऋण सम्झौता गरी बजेटमार्फत | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार। | आपसी समन्वय सुदृढ भइ वैदेशिक सहायताको प्रभावकारिता अभिवृद्धि हुने। | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कार्यान्वयनका लागि पठाउने। आवश्यकतानुसार एस्क्रो एकाउन्टमार्फत ऋणको साँवा ब्याज भुक्तानीको व्यवस्था गर्न सक्ने।<br>३. शिक्षा तथा स्वास्थ्य क्षेत्रमा परिचालन गरिने ऋणबाहेक सम्भाव्यताका आधारमा प्रदेश र स्थानीय तह मार्फत अन्य आयोजना/कार्यक्रममा ऋण सहायता परिचालन गर्दा सम्बन्धित तहसँग सहायक ऋण सम्झौतामार्फत परिचालन गर्ने।<br>४. बजेट प्रणालीमार्फत परिचालन हुने अनुदान सहायताको रकम ससर्त अनुदानको रूपमा प्रदेश तथा स्थानीय तहमा पठाउने।<br>५. सङ्घ, प्रदेश र स्थानीय तहमा सञ्चालन हुने विकास आयोजना/कार्यक्रमको लागि सहलगानीबापत आवश्यक पर्ने रकम सम्बन्धित तहले व्यहोर्ने।<br>६. प्रदेश र स्थानीय तहले सिफारिस गरेका आयोजनाको वित्तीय स्रोत जुटाउन विकास साझेदारसँग गरिने वार्ता तथा सम्झौतामा सम्बन्धित तहको प्रतिनिधित्व गराइने। | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **ख) अन्तरतहको स्वामित्व र समन्वय सुदृढीकरण**<br>१. वैदेशिक सहायताका जुनसुकै विधि उपयोग गर्दा सम्बन्धित मन्त्रालय/निकायको सक्रिय सहभागिता सुनिश्चित हुने व्यवस्था गर्ने।<br>२. वैदेशिक सहायता परिचालनमा कुनै समस्या देखा परेमा मन्त्रालयको नेतृत्वमा सम्बन्धित निकाय र विकास साझेदारको त्रिपक्षीय बैठक बसी तत्काल समाधान गर्न जोड दिने।<br>३. वैदेशिक सहायताबाट सञ्चालित आयोजना/कार्यक्रम कार्यान्वयनको क्रममा विकास साझेदारको तर्फबाट कुनै सहायता तथा सहजीकरण आवश्यक परेमा विषयगत मन्त्रालयको अनुरोधमा सम्बन्धित विकास साझेदारलाई अनुरोध गर्ने।<br>४. विकास साझेदारले आयोजना/कार्यक्रममा कार्यान्वयनमा संलग्न हुने निकायसँग प्रत्यक्ष समन्वय र सहजीकरण गर्ने<br>५. आयोजना कार्यान्वयनमा प्रत्यक्ष संलग्न नहुने निकायको समन्वय आवश्यक भएमा मन्त्रालयमा लेखी पठाउने। | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ६. वैदेशिक सहायताको कार्यान्वयन प्रगति सम्बन्धित विकास साझेदारसँगको समन्वयमा आवधिक रूपमा समीक्षा गर्ने। | | | |
| १० | वैदेशिक सहायता परिचालनका लागि अन्तर्राष्ट्रिय साझेदारी सुदृढ गर्ने। | क) वैदेशिक सहायता परिचालनका लागि अन्तर्राष्ट्रिय साझेदारी गर्ने मञ्चमा मुलुकको हित प्रवर्धन र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार हुने गरी सक्रिय सहभागी हुने।<br>ख) राष्ट्रिय स्वार्थ मिल्ने अन्य मुलुकहरूसँग वैदेशिक सहायताका लागि साझेदारी गर्ने। यसरी गरिने साझेदारी पारदर्शी हुनु पर्ने र पारस्परिक तथा तुलनात्मक लाभको आधारमा तय गरिने।<br>ग) विदेशी लगानी, प्रविधि हस्तान्तरण, व्यापार प्रवर्धन लगायतका क्षेत्रमा अन्तर्राष्ट्रिय साझेदारी गर्न सकिने।<br>घ) उपयुक्तता र अनुभवका आधारमा दक्षिण-दक्षिण तथा उत्तर-दक्षिण-दक्षिण (त्रिभुजीय) सहयोगको अवधारणाअनुरूपको सहयोग आदान प्रदान गर्न सकिने।<br>ङ) दक्षिण क्षेत्रका सहायता प्राप्त गर्ने दुई वा सो भन्दा बढी राष्ट्रहरू बिचको आपसी सहयोग तथा उत्तर क्षेत्रका परम्परागत दातृराष्ट्र एवं संस्थाहरू समेतको | नेपाल सरकार, विकास साझेदार। | वैदेशिक सहायताका परिचालनका लागि अन्तर्राष्ट्रिय साझेदारी सुदृढ हुने। | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | समन्वयात्मक तथा वित्तीय संलग्नतामा सहयोग आदान प्रदान गर्न सक्ने।<br>च) दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) र बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (विमस्टेक) जस्ता क्षेत्रीय संयन्त्रसँग सहयोग अभिवृद्धि गर्न र अन्तर सरकारी संयुक्त आर्थिक आयोगमार्फत सहायता परिचालन गर्न सकिने। | | | |
| ११ | आयोजना र कार्यक्रममा आधारित वैदेशिक सहायतामा जोड दिंदै राष्ट्रिय उपयोग क्षमता बढाउने तथा क्षेत्रगत सहायता र नीतिगत सुधारमा आधारित बजेट सहायता समेत आवश्यकतानुसार परिचालन गर्ने। | **क) आयोजनामा आधारित वैदेशिक सहायता**<br>१. आयोजना छनोट गर्दा आर्थिक सम्भाव्यता, उच्च प्रतिफल दर, न्यून सञ्चालन खर्च, नवीनता, थप लगानी आकर्षित गर्ने क्षमता (उच्च लिभरेज) र दिगोपनालाई आधार लिने।<br>२. पूर्वतयारी पूरा भएका, लागत लाभ विश्लेषणबाट प्रतिफलयुक्त देखिएका तथा कार्यान्वयन निकाय र विधि भएका आयोजना छनोट गरिने।<br>३. विकास साझेदारको बहुवर्षीय आयोजना सूचीमा समावेश गर्दा क्षेत्रगत प्राथमिकतामा समावेश भएका आयोजनाहरूमध्ये प्राथमिकताक्रमका आधारमा छनोट गर्ने। | नेपाल सरकार, प्रदेश तथा स्थानीय तह,<br>विकास साझेदार। | विकास सहायताको राष्ट्रिय उपयोग क्षमता बढने।<br>निर्धारित समय र लागतमा आयोजना सम्पन्न हुने। | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ४. आयोजना कार्यान्वयनका लागि आवश्यक परामर्शदाता प्रतिको निर्भरता क्रमशः घटाउँदै नेपाल सरकारकै जनशक्तिबाट कार्यान्वयन गर्ने।<br>५. आयोजना कार्यान्वयनका क्रममा खरिद विधि अवलम्बन गर्दा सकेसम्म राष्ट्रिय खरिद कानून अवलम्बन गर्न जोड दिने। दातृ पक्षको खरिद नीति कार्यान्वय गर्दा दातृ पक्ष र नेपाल सरकारको खरिद कानून तथा प्रक्रिया बिच तादात्म्यता कायम गर्न जोड दिने।<br>६. आयोजना सम्झौता गर्दा अन्तरनिकाय तथा कार्यान्वयन कार्ययोजना तय गर्ने।<br>७. आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने निर्माण सामग्री लगायतका अन्य सामग्रीको सुनिश्चित गर्ने।<br>८. ठुला आयोजना कार्यान्वयनका क्रममा आउने समस्या तत्काल समाधानका लागि अन्तरनिकायको प्रतिनिधित्व रहेको संयन्त्र गठन गर्ने।<br>९. वैदेशिक सहायता परिचालन गर्दा आयोजनाको सञ्चालन खर्च न्यून गर्न र कार्यान्वयनमा ढिलाइ हुन नदिन समान प्रकृतिका आयोजनाहरूका निम्ति विकास साझेदारको साझा कोष (पुल फण्ड) निर्माण गर्न विकास साझेदारहरूलाई प्रोत्साहित गर्ने। | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | १०.ठुला प्रकृतिका उच्च लागत भएका आयोजनामा एकभन्दा बढी विकास साझेदारसँग वैदेशिक सहायता परिचालन गर्नु परेमा नेतृत्व गर्ने विकास साझेदारमार्फत समन्वय गर्ने प्रणाली विकास गर्न जोड दिने। वैदेशिक सहायताका सर्तहरू समेत नेतृत्व गर्ने विकास साझेदारकै लागु हुने व्यवस्था गर्ने।<br>११.आयोजना कार्यान्वयनको लागि विकास साझेदारसँग जुन कारोबार मुद्रामा वित्तीय सम्झौता गरिएको छ, सोही मुद्रा वा नेपाली मुद्रामा ठेकेदार/परामर्शदातासँग खरिद सम्झौता गर्ने।<br>१२.वस्तु तथा सेवा खरिदमा प्रतिस्पर्धा सीमित हुने गरी र आयोजनाको लागत निश्चित नगरी ऋण लिने प्रक्रिया अघि नबढाउने।<br>१३.छुट्टै आयोजनाको रूपमा जग्गा प्राप्ती, भवन निर्माण (विपद् पछिको पुनर्निमाणबाहेक) र सवारी साधन प्राप्तीका लागि ऋण परिचालन नगर्ने।<br>**ख) कार्यक्रममा आधारित र क्षेत्रगत सहायता**<br>१. आवधिक योजना र वार्षिक कार्यक्रमबाट निर्धारित परिमाणात्मक लक्ष्य समावेश गरी निकासा आबद्ध सूचक निर्धारण गर्ने। | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २. नतिजा तथा उपलब्धिको तेस्रो पक्षबाट मूल्याङ्कनका लागि सार्वजनिक क्षेत्रका विज्ञ र विशिष्टिकृत निकायलाई तोक्ने।<br>३. प्राप्त हुने सहायता सम्बन्धित क्षेत्रका पूर्वाधार आयोजना तथा रूपान्तरणकारी आयोजना तथा कार्यक्रममा विनियोजन गर्ने।<br>४. मन्त्रालयले तयार गरेको रेडिनेस फिल्टरबमोजिम कार्यक्रम विकासका सबै पूर्वतयारी पूरा भएको हुनु पर्ने।<br>५. कार्यक्रममा आधारित सहायता रकम शोधभर्ना प्राप्त गर्दा महालेखा नियन्त्रक कार्यालयले तोकेको छुट्टै खातामा जम्मा गरी खर्चको प्रगतिको आधारमा केन्द्रिय खातामा स्थानान्तरण गर्ने।<br>६. दाताको संयुक्त कोष सिर्जना गरी सकेसम्म अनुदान र ट्रष्ट फण्डमा जोड दिने।<br>**ग) नीतिगत सुधारमा आधारित बजेट सहायता**<br>१. सरकारको प्राथमिकतामा रहेका नीतिगत तथा कानूनी सुधारलाई समावेश गरी सुधारका क्षेत्र कायम गर्ने।<br>२. सुधारका लागि कार्यक्रम तय गर्न, तय गरिएका कार्यहरू सम्पन्न गर्न र सुधारलाई संस्थागत गर्न मन्त्रालयको नेतृत्वमा सम्बन्धित | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | मन्त्रालय/निकायको प्रतिनिधित्व रहेको संयन्त्र स्थापना गर्ने।<br>३. पूर्व तयारी सम्पन्न भएका, उच्च प्राथमिकताका र रणनीतिक महत्त्वका आयोजना तथा कार्यक्रममा बजेटरी सहायताको विनियोजन गर्न जोड दिने।<br>४. बजेट सहायतामा विनियोजन रकम सोही आर्थिक वर्षमा खर्च हुन नसकेमा सम्बन्धित आयोजनाको नाममा छुट्याइ आगामी वर्षका लागि सोही आयोजनामा विनियोजन गर्ने। उक्त आयोजना सम्पन्न भएपछि उपयोग हुन बाँकी रकम अर्को प्राथमिकता प्राप्त आयोजनामा विनियोजन गर्ने। | | | |
| १२ | वैदेशिक सहायता परिचालनका नवीन उपकरणहरूको उपयोग गरी निजी क्षेत्रको विकासमा सघाउ पुऱ्याउने तथा निजी पुँजी आकर्षित गर्ने। | वैदेशिक सहायता परिचालन गर्दा देहायका नवीन वित्तीय उपकरणहरू उपयोग गरी निजी क्षेत्रको विकास र निजी पुँजी आकर्षित गर्ने।<br>**क) सम्मिश्रित वित्त**<br>१. विकास वित्तको न्यूनता परिपूर्ति गर्न सरकारले अनुदान र सहुलियतपुर्ण ऋण सहायतालाई व्यापारिक, निजी, गैरसरकारी कोषबाट हुने आयोजनाको लगानीमा मिश्रण गरी सम्मिश्रित वित्त विधिबाट वैदेशिक सहायता परिचालन गर्ने।<br>२. सम्मिश्रित वित्त विधिअन्तर्गत अनुदान तथा ऋण सहायताको रकम तथा व्यापारिक, निजी, गैरसरकारी | नेपाल सरकार, निजी क्षेत्र, विकास साझेदार। | वैदेशिक सहायताका नयाँ उपकरणहरू मार्फत थप वैदेशिक सहयाता परिचालन हुने। | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कोष जस्ता अन्य स्रोतको रकम एकै डालोमा राखी आयोजनाहरू व्यावसायिक रूपमा सम्भाव्य हुने र निजी पुँजी आकर्षित गर्ने गरी वित्तीय ढाँचा निर्धारण गर्ने।<br>**ख) सार्वजनिक-निजी साझेदारी**<br>१. नेपाल सरकारले तोकेका राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरू सार्वजनिक-निजी साझेदारीअन्तर्गत सञ्चालन गर्दा सोमा संलग्न सार्वजनिक क्षेत्रलाई पुँजीको अभाव परिपूर्ति गर्न नेपाल सरकार जमानी बसी ऋण परिचालन गर्न सक्ने।<br>२. सार्वजनिक-निजी साझेदारीलाई सम्भाव्य र आकर्षक बनाउन सोमा संलग्न निजीक्षेत्रलाई बाह्य पुँजीमा पहुँच स्थापित गर्न सहजीकरण गर्ने।<br>**ग) सम्भाव्यता न्यून परिपूरक कोष (भायविलिटि ग्याप फण्डिङ्ग)**<br>१. सार्वजनिक निजी साझेदारीलाई आर्थिक रूपमा सम्भाव्य र आकर्षक बनाउन सरकारले वैदेशिक सहायता परिचालन गरी पुँजी लगानी गर्न, पुँजीगत अनुदान दिन वा अन्य विधिमार्फत वित्तीय जोखिम न्यूनीकरणमा साझेदारी गर्न सकिने। | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **घ) बण्ड**<br>१. विकास वित्तको आवश्यकता पूरा गर्न कानूनद्वारा स्थापित हुने सार्वजनिक प्रकृतिका लगानी वा विकास कोषहरूमा बाह्य पुँजी परिचालन गर्न सहजीकरण गर्ने।<br>२. सरकार स्वयंले वा राष्ट्रिय अन्तर्राष्ट्रिय वित्तीय संस्थाको सहभागितामा दिगो विकास, ऊर्जा तथा हरित विकाससम्बन्धी आयोजनामा लगानी गर्न निश्चित प्रतिफल दरको अनसोर वा अफसोर सार्वभौम बण्ड जारी गर्न सक्ने।<br>३. सरकारको पुर्ण वा अधिकांश स्वामित्व भएका संस्थाले बण्ड जारी गर्न चाहेमा कानूनबमोजिम काउन्टर ग्यारेन्टी दिने।<br>**ङ) पूर्वाधार कोष (फण्ड)**<br>१. निजीक्षेत्रको नेतृत्वमा यातायात, ऊर्जा तथा औद्योगिक पूर्वाधार आयोजना विकास गर्ने कम्पनीमा सेयर लगानी गर्न वा क्रेडिटलाइन सुविधा उपलब्ध गराउन पूर्वाधार फण्ड स्थापना गर्न सरकारले नीतिगत सहजीकरण गर्ने। | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **च) निजी क्षेत्र विकासका लागि परिचालन हुने सहायतामा सहजीकरण**<br>१. विकास साझेदारबाट निजी क्षेत्र विकासका लागि परिचालन गरिने सहायता रकम आवश्यक सार्वजनिक पूर्वाधार निर्माण, प्रविधि हस्तान्तरण जस्ता क्षेत्रमा परिचालन गर्न प्रोत्साहित गर्ने।<br>२. भविष्यमा सरकारको दायित्व नहुने गरी मुलुकलाई छुट्याइएको सहायता रकमको परिमाण बाहिरबाट निजी क्षेत्रमा प्रवाह हुने अनुदान वा ऋण परिचालनमा आवश्यक समन्वय र सहजीकरण गर्ने। | | | |

नेपाल सरकार, मन्त्रीपरिषद्बाट स्वीकृत भएको मितिः २०८२/१/८